# वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक

वर्ष ६ अङ्क ३४ पूर्णाङ्क २७२ | २०७८ फागुन ९ गते सोमबार | Monday, 21 Feb., 2022 | पृष्ठ ८ | मूल्य रू. १०।-

## एमसीसीविरुद्ध उपत्यकाको प्रदर्शनमा नेता सागरसहित १३७ जना पक्राउ, क्रान्तिकारी माओवादीका नेता श्रेष्ठसहित दर्जनौं घाइते



काठमाडौं। एमसीसी खारेजीका लागि ५ कम्युनिस्ट पार्टी र मोर्चाले आव्हान गरेको नेपाल बन्दको क्रममा बन्दकर्ताले माइतीघर मण्डलादेखि नयाँ बानेश्वरसम्म विरोध प्रदर्शन गरेका छन्। विरोध प्रदर्शनमाथि देउवा सरकारले निर्मम दमन गरेको छ। प्रहरीको अन्धाधुन्ध लाठिचार्ज र बुट प्रहारबाट क्रान्तिकारी माओवादीका पीवीएम सुरेश श्रेष्ठ, विद्यार्थी नेता निर्गनविन जैसी, नेकपा *बाँकी ७ पेजमा*

# देशभक्त क्रान्तिकारीमाथि फासीवादी दमन गर्दै सदनमा 'राष्ट्रघाती एमसीसी' टेबल





काठमाडौं। अमेरिकी साम्राज्यवादी दलाल सरकारको रूपमा बद्नाम देउवा नेतृत्वको सरकारले देशभक्त क्रान्तिकारीहरूमाथि फासिवादी दमन गर्दै सदनमा राष्ट्रघाती एमसीसी सम्झौता पेश गरेको छ। सदनमा माओवादी केन्द्रका संसदीय दलका सचेतक देव गुरुङ, एमालेका नेता भिम रावल, राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेल, नेकपा (एस)का नेता झलनाथ खनाल लगायतका नेताहरूको तीव्र विरोधका बाबजुद सरकारका सुचना तथा सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सदनमा पारितका लागि प्रस्ताव पेश गरेका थिए।

यता ६ कम्युनिस्ट पार्टी र २ मोर्चाको आव्हानमा माइतीघरदेखि नयाँ बानेश्वरसम्म नारा जुलुससहित एमसीसी खारेजीको माग गर्दै विरोध प्रदर्शनमा उत्रिएका देशभक्त क्रान्तिकारीहरूमाथि देउवा सरकारले फासिवादी दमन गरेको छ। विरोध प्रदर्शनकारीमाथि रबरको गोली, टियर ग्यास, पानीको फोहरा, लाठी र जुत्ता प्रहार गर्दै क्रूर दमन गरेको छ। सो क्रममा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य हिरामणी दुःखी, विध्यार्थी नेता प्रविन बोगटी लगायत दर्जनौं घाइते हुन पुगेका छन् भने नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य बसन्त बोगटीसहित दर्जनौलाई गिरफ्तार गरेको छ।

देउवा सरकारको फासिवादी दमनको घोर विरोध गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले प्रेस वक्तव्य जारी गर्नुभएको छ। महासचिव मोहन वैद्य किरणले अमेरिकी साम्राज्यवादको दलाल देउवा सरकारको फासीवादी दमनको घोर निन्दा तथा भर्त्सना गर्नुभएको छ र गिरफ्तार नेता कार्यकर्ताहरूको अविलम्ब रिहाईको माग गर्दै घाइतेहरूको अविलम्ब तथा निःशुल्क उपचार गर्न जोडदार माग गर्नुभएको छ।

वक्तव्यमा भन्नुभएको छ, "आठ पार्टीको आह्वानमा एमसीसी खारेजीका लागि आयोजना गरिएको संसद भवन घेराउ गर्ने शान्तिपूर्ण कार्यक्रममाथि अमेरिकी साम्राज्यवादको दलाल देउवा सरकारका लठैतहरूले आन्दोलनकारीमाथि अन्धाधुन्ध लाठीचार्ज तथा अश्रुग्यास प्रयोग गरी बर्बर दमन गरेको छ। हाम्रो पार्टीका के.स. कमरेड हिरामणी दुखी, के.स. कमरेड बसन्त बोगटी, क्रान्तिकारी युवा लिगका के.स. हरि वि.क., विद्यार्थी नेता खेम न्यौपाने, तथा प्रवीण बोगटी, सुनिता बोगटी, मुकेश शाही लगायत घेराउको आह्वान गर्ने पार्टीका थुप्रै नेता तथा कार्यकर्ता र अन्य विभिन्न संगठनमा आवद्ध देशभक्त युवाहरू गिरफ्तार तथा घाइते भएका छन्। हाम्रो पार्टी अमेरिकी साम्राज्यवादको दलाल देउवा सरकारको *बाँकी ७ पेजमा*

## एमसीसीमा राष्ट्रघातको मतियार बन्दै प्रचण्ड र माकुने राष्ट्रको स्वाधीनताभन्दा कांग्रेससँगको गठबन्धन प्यारो



काठमाडौं। नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) का युवा र विध्यार्थीहरू एमसीसी चाहिदैन, देश बेच्न पाइदैन, अमेरिकी साम्राज्यवाद मूर्दावाद, राष्ट्रिय स्वाधीनता जिन्दावाद, दलालहरू होशियार भन्दै केही दिनयता सडकमा एमसीसी खारेज हुनुपर्ने माग राखेर विरोध प्रदर्शन गरिरहेका छन्।

एमसीसी सम्झौता खारेजीका लागि संघर्षरत ६ कम्युनिस्ट पार्टी र २ मोर्चाले शुक्रबार ( ६ फागुन)मा गरेको विरोध प्रदर्शन र ऱ्यालीमा पनि सहभागिता जनाएर उनीहरूले आफ्नो अभिमत प्रकट गरे। सो विरोध प्रदर्शनलगत्तै आयोजित विरोधसभालाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम दिनेश शर्मा सागरले एमसीसीको विरोधमा सडकमा उत्रिएकोमा माके र एसमाजवादीका युवा र विध्यार्थीहरूलाई धन्यवाद दिँदै साँच्चै माओवादी केन्द्र र एसमाजवादीले पनि यो देशको स्वाधीनताको रक्षा चाहेको हो भने सडक संघर्षमा ल्याउन तपाईहरूले भूमिका खेल्नुस् भनेर आग्रह गरे। तर आज शुक्रबार बसेको बैठकबाट माधव कुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीले सत्ता गठबन्धन जोगाउन भन्दै राष्ट्रघाती एमसीसी सम्झौतालाई संसदमा टेवल हुन दिने निर्णय गरेको छ। माधव नेपालको यो निर्णयसँगै माओवादी केन्द्रले पनि एमसीसीलाई संसदमा टेबल गर्न दिने सहमति जनाइसकेको समाचार स्रोतहरूले जनाएका छन्। प्रचण्ड र माधव नेपालको यस्तो निर्णयबाट स्पष्ट हुन्छ कि उनीहरूका *बाँकी ७ पेजमा*

# आठ दलको थप हस्तक्षेपकारी संघर्षको घोषणा

## हिजो संसद भवन घेराउ गरियो, सिडिओ कार्यालयहरु पनि घेराउ

काठमाडौं। राष्ट्रघाती एमसीसी सम्झौता खारेजीका लागि संघर्षरत ६ कम्युनिस्ट पार्टी र २ मोर्चाले आज फागुन ८ गते थप हस्तक्षेपकारी संघर्षको घोषणा गरेका छन्। देउवा सरकारले एमसीसी सम्झौता संसदमा टेवल गर्ने तयारी गरेपछि आठ दलले थप हस्तक्षेपकारी संघर्षका कार्यक्रम घोषणा गरेका हुन्।

अमेरिकाको निरन्तर धम्कीपूर्ण दबाब, चीनको प्रतिक्रिया र देउवा सरकारको एमसीसी टेवल गर्ने तयारीले एमसीसी विरुद्धको संघर्ष गम्भिर मोडमा पुगेको निस्कर्ष निकाल्दै आठ दलले आन्दोलनलाई थप उच्चस्तरमा सशक्त बनाउने र व्यापक बनाउने गरी संघर्षको कार्यक्रम घोषणा गरेको शनिबार साँझ जारी वक्तव्यमा जनाइएको छ।

नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरण, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल, नेकपाका महासचिव विप्लव, नेकपाका अध्यक्ष ऋषि कट्टेल, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपालका संयोजक विश्वभक्त दुलाल आहुति र नेकपा (माओवादी केन्द्र समाजवादी)का अध्यक्ष कर्णजित बुढाथोकीको संयुक्त हस्ताक्षरमा जारी प्रेस वक्तव्यमा घोषित जनसंघर्षका कार्यक्रममा व्यापक सहभागिता र उच्च सफलताका लागि एमसीसीका विरुद्ध संघर्षरत सबै शक्ति र जनसमुदायमा हार्दिक अपिल गरिएको छ।

काठमाण्डौ उपत्यकामा १२ बजे माइतिघर मण्डलाबाट जम्मा भई विरोध प्रदर्शन सहित नयाँ बानेश्वर स्थित संसद भवन घेराउ गर्ने र देशव्यापी रूपमा सबै जिल्लामा व्यापक विरोध प्रदर्शन सहित जिल्ला प्रशासन कार्यालय घेराउ गर्ने वक्तव्यमा जनाइएको छ। आठ दलद्वारा जारी गरिएको वक्तव्यको पूर्ण पाठ पृष्ठ ४ मा दिइएको छ।

### राष्ट्रघाती एमसीसी सम्झौताको खारेजीको माग गर्दै विभिन्न जिल्लामा विरोध कार्यक्रम सम्पन्न

# राज्य बर्बर दमन उत्रियो

**नेकपा(क्रान्तिकारी माओवादी) पिबिएमद्वय सागर र सुरेशलगायत दर्जनौ केन्द्रीय तथा जिल्ला नेताहरू गिरफ्तार**



काठमाडौं। जनराष्ट्रघाति एमसीसी सम्झौता विरुद्धको संघर्षमा गिरफ्तार नेकपा(क्रान्तिकारी माओवादी) का पिबिएमद्वय सागर, सुरेश, सिसिएमहरू शारदा, कगेन्द्र, बसन्त, प्रकाशउर्जा, हरिकृष्ण, फुर्नाम्गेल, काठमाडौ जिल्ला सेक्रेटरी अमर, विद्यार्थी नेतृ शिलु, *बाँकी ३ पेजमा*

# एमसीसी जबर्जस्त लादियो भने देशमा राष्ट्रिय युद्ध हुन्छ : सीपी गजुरेल




काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य समेत रहनु भएका देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले जबर्जस्त एमसीसी लादियो भने देशमा राष्ट्रिय युद्ध हुने चेतावनी दिनुभएको छ। ६ कम्युनिस्ट पार्टी र २ मोर्चाको संयुक्त आयोजनामा भएको विशाल विरोध प्रदर्शनपछि आयोजित विरोधसभालाई सम्बोधन गर्दै उहाँले यस्तो चेतावनी दिनुभएको हो।

आफूहरूले त्यो स्थिति आउन नदिन अहिले सडकमा आन्दोलन गरिरहेको बताउनुहुँदै जबर्जस्त एमसीसी लादिए राष्ट्रिय युद्ध हुने र त्यसले अहिलेको व्यवस्थालाई पनि उलटपुलट, उथलपुथल पारिदिने समेत दावी गर्नुभयो।

देशको स्वाधीनताको रक्षाका लागि सबै देशभक्त क्रान्तिकारीहरू एकजुट हुनुपर्ने बताउनु हुँदै एमसीसी खारेज नहुन्जेलसम्म सबै पार्टीभित्र रहेका देशभक्त क्रान्तिकारीहरूले अझ ठूल्ठूला विरोध प्रदर्शन र आवश्यक परे जस्तोसुकै कदम चाल्न पनि तयार हुनुपर्ने समेत बताउनु भयो। *बाँकी ७ पेजमा*

# एमसीसीबारे दुई ध्रुव

***अमेरिकाको रक्षा मन्त्रालयले आफ्नो देशका लागि आगामी हजार बर्षका चुनौतीहरु के छन् त भन्ने विषयमा अनुसन्धान गर्ने यो 'मिलिनियम च्यालेञ्ज कर्पोरेसन' नाम दिएर एउटा परियोजना तयार पाऱ्यो। त्यस परियोजनाअन्तर्गत उसले अबका चुनौती एशिया महादेशबाट हुने तथ्य प्रक्षेपण गऱ्यो। त्यो पनि उदाउँदै गरेको नयाँ विश्व महाशक्ति बन्न खोजेको चीन र त्यसपछिको दोस्रो राष्ट्र भारतलाई निश्चित गऱ्यो***



● हिरामणि दुःखी ●

सन् २०१७ मा नेपालमा अमेरिकी विकास परियोजनाका नाममा इण्डो प्यासिफिक सैन्य रणनीतिमा आधारित मिलिनियम च्यालेञ्ज कर्पोरेशन परियोजना नेपालको अर्थमन्त्रालयबाट सम्झौता भई आएको कथित विकासे योजना हो। नेपालमा अमेरिकाको आर्थिक सहायता वा ऋण रकम सन् १९५० देखि नै युएस एड मार्फत लागू भइरहेको छ। यो एमसीसी



परियोजना पनि सडक स्तरोन्ती र विद्युत प्रशारण लाईन निर्माणका लागि भनेर ५० करोड अमेरिकी डलर ५६ अरब नेपाली रकम सहायता भनेर आएको छ। यस अघिका सम्झौता जस्तै यो परियोजना पनि सरकारले मात्रै सम्झौता गरेर लागू गरेको भए आज यो परियोजनाका विषयमा देश द्वन्द्वको चपेटामा पर्ने थिएन। किनकि अमेरिकी सहयोग नेपालमा लागू भइरहेकै त छ। अरू परियोजना वा विकास रकमहरूका बारेमा कहिल्यै कतै पनि विरोध भएको छैन। यसको पनि हुने थिएन। विश्वका जुनसुकै मुलुकबाट आउने सहयोग वा ऋण रकम नेपाल सरकारको अर्थ र परराष्ट्र मन्त्रालय मार्फत आउने गर्छ र गरिरहेको छ। त्यसैगरी विश्व बैंक, अन्तराष्ट्रिय मुद्राकोष, बहुराष्ट्रिय कम्पनी, वा यस्तै आर्थिक निकायहरूबाट आउने रकम पनि सिधै सरकारले सम्झौता गरेर ल्याइएका छन्। एमसीसी *बाँकी ५ पेजमा*

## सम्पादकीय

# प्रचण्ड-माकुने देउवाको राष्ट्रघातका मतियार

देशव्यापी विरोधकै बीच एमसीसी सदनमा पेश भइसकेको छ। अब संसदीय प्रक्रिया अनुसार यसलाई पास गर्ने तयारीमा देउवा सरकार रहेको छ। उसले अब सजिलै पास हुने बताइसकेको छ। एमालेले पनि देउवाको राष्ट्रघातमा सहयोग गर्ने बाचा गरिसकेको छ। छद्म दलालहरू पनि अन्ततः देउवाकै राष्ट्रघातको मतियार बन्न पुगेका छन्।

एमसीसी आइपिएसको अंग भएको, देशको कानुन र संविधान माथि पार्ने संसदबाट अनुमोदन गर्न खोजेको, एमसीसी पास भए देश अमेरिकाको उपनिवेश बन्छ, यो छिमेकी मुलुक चीनलाई घेर्ने रणनीतिमा आधारित छ, देशको स्वाधीनता र सार्वभौमिकता गुम्छ भन्दै बिना संशोधन कुनै पनि हालतमा संसदमा पेश नगर्ने बताउँदै आएका प्रचण्ड र माधव कुमार नेपालले अन्ततः सदनमा राष्ट्रघाती एमसीसी सम्झौता पेश गर्न दिएर देउवाको राष्ट्रघातका असली मतियारको रूपमा आफूलाई चित्रित गरेका छन्। उनीहरूले अमेरिकी साम्राज्यवादलाई खुशी पार्न र निहित स्वार्थका कारण देश र जनतामाथि घात गर्न पुगेका छन्। तर अझै पनि प्रचण्डले आफूले एमसीसीको विपक्षमा मतदान गर्ने बताउँदै देश र जनतालाई बेवकुफ बनाउन खोजिरहेका छन्।

यतिखेर सिंगो मुलुक देशभक्त र दलालको कित्तामा ध्रुवीकृत भएको छ। छद्म दलालहरू पनि अब नाङ्गिइसकेका छन्। सत्ता स्वार्थका निम्ति देशै बेच्न तयार दलालहरू खुलेर डरलाग्दो राष्ट्रघातको मार्ग प्रसस्त गर्न पुगेका छन्। दैध चरित्र बोकेको यो प्रवृत्तिले नेपाली जनतामा ठूलो भ्रम पार्दै आएको छ।


एकातिर उनीहरूले संसदमा टेबल गर्ने सहमति गरे र टेबल पनि भयो अर्कोतिर आफ्ना पार्टीका जनवर्गीय संगठनलाई सडकमा उतारेर एमसीसीको विरोधमा छौ भन्ने पनि देखायो। यो दोहोरो चरित्रले देशभक्त क्रान्तिकारीहरूमा केही भ्रम पारे पनि प्रचण्ड र माकुने भनेका राष्ट्रघाती दलाल नै हुन् भन्नेमा कुनै शंका रहेन। एमसीसी चाहिँदैन, देश बेच्न पाइदैन, अमेरिकी साम्राज्यवाद मूर्दावाद, राष्ट्रिय स्वाधीनता जिन्दावाद, दलालहरू होशियार भन्दै सडकमा नारा लगाउँदै प्रदर्शन गर्ने र प्रदर्शनको क्रममा घाइते हुने कार्यकर्ताले अब प्रचण्ड र माकुनेहरूलाई बोकेर हिड्ने स्थिति रहेन। अब उनीहरू त्यही पार्टीमा रहेर प्रचण्ड र माकुनेले गरेको राष्ट्रघातको कलंकको भारी बोकेर हिड्छन् कि स्वाभिमानपूर्वक विद्रोह गरेर सच्चा देशभक्त तथा क्रान्तिकारी कित्तामा उभिन्छन्, त्यो भने हेर्न बाँकी छ।

प्रचण्ड र माधव नेपालहरूलाई प्रष्ट रूपमा थाहा छ कि एमसीसी संसदमा टेबल हुने वित्तिकै यो सजिलै पास हुन्छ। उनीहरूले विपक्षमा मतदान गरे पनि एमसीसी पास हुन्छ भन्ने थाहा हुँदा हुँदै एमसीसी जस्तो राष्ट्रघाती सम्झौता संसदमा टेबल हुन दिनु भनेको अन्ततः एमसीसीकै पक्षमा मतदान गर्नु सरह नै हो। उनीहरूको राष्ट्रिय स्वाधीनताप्रतिको निष्ठा कति कच्चा, बनावटी र नक्कली छ भन्ने कुरा पनि यसबाट स्पष्ट हुन्छ। यस्तो अवसरवादी नीति लिनु भनेको राष्ट्रघातमाथि लालमोहर लगाउनु हो। इतिहासमा उनीहरूको अभिलेख 'राष्ट्रघाती'कै दर्जामा रहने छ।

माओवादी केन्द्रको संसदीय दलको बैठकले केही दिनअघि संशोधन बिना एमसीसी संसदमा लैजान नहुने, जबर्जस्ती लगिए माओवादीले सरकार छाड्ने निर्णय गरेको थियो। त्यसअघि पार्टीको सम्पन्न महाधिवेशनले पनि विना संशोधन एमसीसी पास नगर्ने लाइन पारित गरेको थियो। तर विदेशी शक्तिको दबाब र प्रभावमा अनि सत्ता र चुनावी स्वार्थको जोडघटाउका कारण प्रचण्ड र माधव नेपालहरू एमसीसी सम्झौता संसदमा टेबल गर्न सहमत हुन पुगेका हुन्।

हिन्द प्रशान्त सैन्य रणनीतिको अंग भएको, नेपालको संविधान र कानूनमाथि पार्न खोजिएको, छिमेकी मुलुक चीनलाई घेर्ने र चीनका विरुद्ध नेपाली भूमि प्रयोग गर्ने रणनीतिमा आधारित रहेको भनेर एमसीसी सम्झौता खारेजीका लागि देशव्यापी रूपमा व्यापक आवाज उठिरहेको बेला एमसीसी सम्झौता सरकारले संसदमा पेश गरिहाले पनि संसद अवरुद्ध पारेर टेबल नै हुन नदिने जिम्मेवारी पूरा गर्नुपर्नेमा उल्टै टेबल गर्न दिने भनेर पार्टीको बैठकबाटै निर्णय गर्नु भनेको अन्ततः राष्ट्रघातकै मतियार बन्नु हो। राष्ट्रघातका मतियारलाई जनताले उचित सबक अवश्य सिकाउने छन्।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।

www.moolbato.com


# देश र जनता वा गठबन्धन र एमसीसी ?



● खगेन्द्र छन्त्याल ●

*केपीसँग कुम जोडेर हिडेका प्रचण्डले माधव-झलनाथका कचकचको बेवास्ता गर्नु स्वभाविक थियो। उनले निरन्तर माधव-झलनाथका कचकचको वेवास्ता गर्दै हिडे। जब प्रचण्ड आफै कचकचमा उत्रनु पर्नेभयो बल्ल उनले माधव-झलनाथलाई सम्झनु पऱ्यो। ठिक यहिनेर प्रचण्डले एक अर्को क्रमभंग गर्नुपर्ने तथा छलाङ्ग हान्नु पर्ने स्थिति आयो। उनले जब डवल नेकपा भित्र केपी क्याम्प छोडेर माधव-झलनाथ क्यापमा जम्प गरे तब बन्यो प्रचण्ड-माधव र झलनाथको नया समीकरण। तत्पश्चात डवल नेकपा बिघटन र बिभाजन भयो*

माके अध्यक्ष प्रचण्डले कहिलेकाही लचकताको नाममा अस्वभाविक अस्थिरता प्रदर्शन गर्ने तथा क्रमभंग र छलाङ् को नाममा अस्वाभाविक जम्प गर्ने गर्छुहुन्छ। उहाको त्यसप्रकारको अस्थिरता र जम्पको कारण कहिलेकाही आफ्नै पार्टी, संगठन देश र समाजमा अनपेक्षित घटना घट्ने गर्दछन्। महान जनयुद्धका योजना र हजारौ शहिदका सपना माथिको घात त्यही अस्थिरता र जम्पको परिणाम थियो। पछिल्लो कालखण्डमा प्रचण्डको बिशेष पहलमा केपी ओली पहिलो पटक प्रधानमन्त्री बने। प्रचण्ड आफु बने सरकार संचालनको उच्च स्तरीय संयन्त्रको संयोजक।

९ महिना पछि प्रचण्डलाई के झ्वाक चल्यो कुन्नि सरकार संचालन गर्ने उच्चस्तरीय संयन्त्रको संयोजक आफुने हुदा हुदै प्रधानमन्त्री केपी ओली विरुद्ध संसदमा (केपीको शब्दमा छापामार शैलीमा) अविस्वासको प्रस्ताव ल्याए। उक्त प्रस्तावको प्रस्तावक आफै बने। केपी ओली प्रधानमन्त्री को कुर्सि वाट चिप्लिय। कांग्रेसको समर्थनमा प्रचण्ड आफै प्रधानमन्त्रीको कुर्सीमा टासिन पुगे। प्रचण्ड- कांग्रेस सम्बन्धले स्थानीय चुनावमा प्रचण्डलाई राम्रै लाभ भयो। प्रचण्ड यो प्रकारको लाभ प्रदेश र संघीय चुनावमा पनि प्राप्त गर्न चाहन्थे। तर विडम्बना कांग्रेसले प्रदेश तथा संघको चुनावमा प्रचण्डको चाहना बमोजिमको लाभ दिन चाहेन। फलत प्रचण्डजिको कांग्रेस प्रतिको मोह भंग भयो। प्रदेश तथा संघीय चुनाव सम्म आउदा प्रचण्डजी कांग्रेस क्याम्प वाट केपी क्याम्पमा जम्प गरिष्याउनुभयो। परिणामत प्रदेश तथा संघीय चुनावमा बन्यो प्रचण्ड-केपी गठवन्धन। गठवन्धन को नाम दिइयो वाम गठवन्धन।

क्रान्तिकारीहरू र सच्चा वामपन्थी शक्तिहरू आत्मागतरूपमा कमजोर भएको लाभ कथित वाम गठवन्धनले राम्रै संग लियो। वाम आन्दोलन प्रतिको ठुलो जनमतले चुनावमा उक्त गठवन्धनलाई साथ् दियो। गठवन्धनले चुनावमा भन्नै दुई तिहाईको मत प्राप्त गऱ्यो। चुनाव परिणाम आउदा नआउदै पाँच वर्ष प्रधानमन्त्रीको प्रस्ताव आए पश्चात प्रचण्डले फेरि अर्को क्रमभंग र छलाङ् भन्नै नगरेका होइनन्। तर आधा आधा समयावधि आलोपालो प्रधान मन्त्रीको कुर्सिमा वस्ने केपी संग भद्र सहमति पश्चात रोकियो उनको नयाँ क्रम भंग र छलाङ्। केपी संगको उधारो सहमति पश्चात हौशियका प्रचण्डले वरु अर्को छलाङ् हाने त्यो थियो एमाले संग पार्टी एकता।

सिद्धान्त, बिचार, दृष्टिकोणमा एकरूपताको कारण नभई केवल कुर्सि प्राप्तिका निम्ति एकता गर्नुपर्ने भएकोले प्रचण्ड-केपी दुवैलाई त्यो एकता आवस्यकता थियो। कहिँ कुनै कमिटीमा छलफल, बहस बिना नै एकता भयो, डवल नेकपा बन्यो। केपी ढुक्क संग दोस्रो पटक प्रधानमन्त्रीको कुर्सीमा चढे। प्रचण्ड ढुक्कसँग प्रधानमन्त्रीको कुर्सीको वेटिङ् (प्रतिक्षा) मा बसे। जब केपीको पालो सकिदै गयो प्रचण्डको पालो आउदै गऱ्यो तब डवल नेकपामा कचकच सुरुभयो। केपीको छोड्दै नछोड्ने र प्रचण्डको लिएरै छाड्ने मनस्थितिले डवल नेकपामा कचकच चुलियो। तसर्थ यो कचकचको कारण केपीको कुर्सि मोह, दम्भ, घमण्ड र बेइमानी त थियो नै साथै प्रचण्डको कुर्सीप्रतिको अति लालच पनि थियो। तत्कालीन एमालेमा केपीको पार्टी सत्तारोहण देखि ओफेलमा परेका माधव-झलनाथ डवल नेकपा बन्नु अघि देखि नै निरन्तर कचकच अभियान मै थिए। डवल नेकपा बने पश्चात केपी-प्रचण्डको गठजोडले उनीहरू झनै ओफेलमा परे। प्रभावहीन नै सही उनीहरूको कचकच निरन्तर चलिरह्यो डवल नेकपामा।

केपीसँग कुम जोडेर हिडेका प्रचण्डले माधव-झलनाथका कचकचको बेवास्ता गर्नु स्वभाविक थियो। उनले निरन्तर माधव-झलनाथका कचकचको वेवास्ता गर्दै हिडे। जब प्रचण्ड आफै कचकचमा उत्रनु पर्नेभयो बल्ल उनले माधव-झलनाथलाई सम्झनु पऱ्यो। ठिक यहिनेर प्रचण्डले एक अर्को क्रमभंग गर्नुपर्ने तथा छलाङ् हान्नु पर्ने स्थिति आयो। उनले जब डवल नेकपा भित्र केपी क्याम्प छोडेर माधव-झलनाथ क्यापमा जम्प गरे तब बन्यो प्रचण्ड-माधव र झलनाथको नया समीकरण। तत्पश्चात डवल नेकपा बिघटन र बिभाजन भयो। औपचारिक रूपमा डवल नेकपा बिघटन र बिभाजनको कारण निर्वाचन आयोगको निर्णय र निर्देशन भएतापनि अनौपचारिक रूपमा उक्त पार्टी बिघटन र बिभाजन पहिल्यै भैसकेको थियो। प्रचण्ड-माधवले जुनदिन केपीलाई पार्टी सदस्य बाट निस्कासन गरे त्यही दिन डवल नेकपा विघटित र विभाजित भएको थियो।

बवल नेकपा, एमाले, माके र एस गरि तीन वटा पार्टीमा परिणत भयो। जसरी डवल नेकपा गठन हुँदा कुनै सैदान्तिक ,बैचारिक आधारमा नभई केवल दुईजना व्यक्तिको कुर्सी स्वार्थ कै निम्ति गठन भयो ठीक त्यसरी नै त्यसको बिघटन र बिभाजन पनि कुनै सचेत सैद्धान्तिक,बैचारिक अन्तर संघर्षको कारण नभई उनै दुई जना व्यक्तिको कुर्सि स्वार्थकै कारण पैदा भएको कचकचले भयो। डवल नेकपाको बिघटन पश्चात बनेको एमाले सरकारमा रह्यो बाँकी दुई समुह सरकार बाहिर। अब ति दुई समुह अर्थात माके र एसको मक्सद बन्यो हरहालतमा एमालेलाई सत्ता च्युत गर्नु। एमालेलाई सत्ता च्युत गर्नको निम्ति यिनीहरू जो संग जे सम्झौता गर्नपनि तयार भए। ठिक यहिनेर प्रचण्डले अर्को जम्प गरे त्यो थियो स्थानीय चुनाव पछि बिछोड भएको कांग्रेस संग पुनर्मिलनको पहल।

उता कांग्रेस कोमामा सुतिरहेको थियो। सत्ताको मात् चढेर कांग्रेसले कोशी, गण्डकी र महाकाली बेचेको जनताले बिर्सेका थिएनन्। कांग्रेसले देशका सम्पूर्ण ठुला उधोग ,कलकारखानाहरू बेचेको जनताले बिर्सेका थिएनन्। कांग्रेसले किलो शेरा टु ,रोमियो जस्ता कैयौ अप्रेशन गरेर जनताको कत्लेआम गरेको जनताले बिर्सेका थिएनन्। कांग्रेसले जनताको टाउकाको मुल्य तोकेर 'झोला भरि टाउका लिएर आउ भोला भरि पैसा लिएर जाउ' भनि हुकुम फरमान गरेको जनताले बिर्सेका थिएनन्। त्यसकारण चुनाव कै माध्यम वाट नै किन नहोस् कांग्रेसलाई जनताले राम्रै सजाय दिएका थिए। कांग्रेसीजन कसैले शोचेको थिएन अब यो पुस्ताको कांग्रेस कुनै नेताले सरकारको नेतृत्व गर्दछ। व्यक्तिगतरूपमा भन्ने हो भने देउवाको निम्ति त राजनैतिकरूपमा सन्यासको विकल्प थिएन। कांग्रेस भित्र उनि असफल सभापतिको रूपमा चित्रण भैसकेका थिए। अब अगाडी पार्टी नेतृत्व वाट स्वेच्छिक वहिर्गमन उनको वाटो थियो। सम्भवत उनको शोच पनि त्यही थियो। तर भवितव्यवश देउवाको ताल्नु मै आलु फल्यो, कांग्रेसलाई चिट्ठा प-यो।

एकाएक प्रचण्ड- माधव बुढानिलकण्ठ पुगेर देउवालाई देशको प्रधानमन्त्री बनिदिन आग्रह गरे। कैयौ दिनसम्म देउवाले यो सपना हो या विपना छुट्याउन सकेनन। वल्ल तल्ल उनले आफुलाई सम्हाल्दै उक्त प्रस्ताव स्वीकार गरे। कांग्रेसको अप्रत्यासित सत्ता प्राप्तिको अवसर,माके र एसको हरहालतमा एमालेलाई सत्ताच्युत गर्ने दाउ र जसपा,राजमोको सत्तारोहणको मौका सदुपयोग आदिको कारण बन्यो पाँच दलीय गठबन्धन। अन्तत एमालेलाई कुर्सि च्युत गर्ने र उक्त कुर्सि स्वयंले प्राप्त गर्ने गठबन्धनको लक्ष भएतापनि ओलीको संसद बिघटनको मुद्धालाई उसले राम्रै मसला बनायो। गठबन्धनका नेताहरूले ओली प्रतिगमनकारी भएको र आफूहरूनै यो ब्यवस्था र सत्ताको असली रक्षक भएको दावी गरे।

गठबन्धनका नेताहरूले गठबन्धन आगामी स्थानीय,प्रदेश र संघीय चुनाव हुदै त्यसपछिको सरकार निर्माण देखि संचालन सम्म जाने घोषणा गरेतापनि राजनैतिक मैदानमा विभिन्न प्रश्नहरूउठेका देखिन्छन। गठबन्धनमा एमसीसीको असर कस्तो पर्ला ? एमसीसीसम्बन्धी विवादले गठबन्धनलाई के असर गर्ला ? एमसीसी कै कारण गठबन्धन टुट्ने त होइन ? एमसीसी सम्बन्धी कुन पार्टी को भूमिका कस्तो रहला ? रोज्नुपर्ने स्थितिमा गठबन्धनका कुन कुन पार्टीले के रोज्लान गठबन्धन वा एमसीसी ? यी प्रश्नहरू आज सर्वाधिक चासोका साथ् उठिरहेका देखिन्छन।

गठबन्धन भित्र एमसीसी सम्बन्धी एकमत छैन यो कुनै लुकेको कुरा होईन। वरु गठबन्धन भित्र एमसीसी सम्बन्धी विवादको कारण के हो ? यो लुकेको कुरा हो। कतिपय मान्छेहरू के भन्छन भने कांग्रेस-जसपा नेतृत्वको एउटै मत भएतापनि माके-एस र राजमो नेतृत्वको फरक मत नै गठबन्धन भित्र एमसीसीवारे बिबादको कारण हो। वास्तविकता त्यस्तो होईन। गठबन्धनमा सामेल राजमो बाहेकका सबै पार्टीको नेतृत्वको मत एमसीसीको पक्षमा छ यो देखियकै कुरा हो। राजमो सिंगो पार्टी एमसीसीको विपक्षमा छ। तर गठबन्धनमा सामेल अन्य सबै पार्टीहरू एमसीसीको सवालमा आन्तरिक बिबादमा छन। नेतृत्व एमसीसीको पक्षमा छ अरु बिपक्षमा। माके र एस नेतृत्व सामान्य फेस सेभिङ्ग गरेर एमसीसी पारित गर्न चाहन्छ। तर ति पार्टी भित्रका देशभक्तहरू एमसीसी खारेजीको निम्ति संघर्ष गरिरहेकाछन। जसपाको बाबुराम पक्ष जस्ताको तस्तै एमसीसी पारित गर्ने पक्षमा देखिन्छ भने उपेन्द्र पक्ष परिमार्जनको पक्षमा छ। याहा सम्म कि कांग्रेस भित्रै पनि केहि मान्छे चाहन्छन एमसीसी फिर्ता जावस।

त्यसकारण गठबन्धनमा सम्मिलित पार्टीहरू भित्र चलिरहेको अन्तरसंघर्षको परिणाम के हुन्छ ? त्यसको आधारमा मात्र माथिका प्रश्नहरूको सहि जवाफ आउन सक्दछन। निश्चयनै अन्तरसंघर्षमा देशभक्त नेता,कार्यकर्ताहरूको जित भयो भने गठबन्धनमा एमसीसी सम्बन्धि बिबादको ठुलै असर पर्दछ र त्यसकै कारण गठबन्धन टुट्छ एमसीसी फेल हुन्छ। तर दलाल नेतृत्वले जित्यो भने गठबन्धनमा एमसीसी सम्बन्धि बिबादको कुनै अर्थ रहदैन। गठबन्धन यथावत रहन्छ एमसीसी पनि पारित हुन्छ। हामि कामना गरौ त्यो अन्तर संघर्षमा देशभक्त नेता,कार्यकर्ताहरूको जित होस्,दलाल नेतृत्वको हार होस्।

निश्चय नै एमसीसीले गठबन्धनमा सामेल पार्टीहरू भित्र हलचल पैदा गरेकोछ। त्यही हलचलको कारण गठबन्धन धर्मरायको देखिन्छ। हामीले सधै स्वीकार गर्दै आएको कुरा के हो भने विभिन्न पार्टी समुहहरूको नेतृत्व पति अवसरवादी,संशोधनवादी र प्रतिक्रियावादी नै भएतापनि उक्त पार्टी समुहहरू भित्र ठुलो संख्यामा क्रान्तिकारी,वामपन्थी तथा देशभक्तहरू छन उनीहरू संग निरन्तर छलफल र सहकार्य गर्नुपर्दछ। हो, गठबन्धन भित्र एमसीसी सम्बन्धी बिबादको कारक तिनै क्रान्तिकारी,वामपन्थी तथा देशभक्तहरू हुन्। उनीहरूले आ-आफ्ना पार्टी, समुह भित्र गरेको संघर्षको परिणाम नै गठबन्धन भित्रको बिबादको एउटा कारण बनिरहेको छ।

गठबन्धन भित्र एमसीसी सम्बन्धि विवादको अर्को कारण हो एमसीसी दाउपेच। आ-आफ्नो राजनैतिक लाभको निम्ति गठबन्धनमा सामेल पार्टीहरूले एमसीसीलाई दाउपेचको साधन बनाईरहेको देखिन्छ। यद्यपि देउवा भित्रीरूपमा कुर्सि स्वार्थको निम्ति तिन वटै तहको चुनाव र त्यसपछि बन्ने सरकार सम्म नै गठबन्धनको निरन्तरता चाहन्छन्। तर लगभग सबै कांग्रेसीजन गठबन्धन गरेर चुनावमा जाने पक्षमा छैनन्। प्रदेश र संघको गत चुनावमा कांग्रेस हारको मुख्य कारण बनेको बाम गठबन्धन फुटेर ३ टुक्रा बनेको अवस्थामा कांग्रेस एकल ढंगले चुनावमा जानुपर्दछ भन्ने कंग्रेसीजनहरूको तर्कमा काफी दम छ। त्यसकारण देउवा को चाहना हुदा हुदै पनि बहुमत कंग्रेसीजनहरू गठबन्धनलाई चुनाव सम्म लैजाने मुडमा छैनन। उता गठबन्धनमा सामेल सवै पार्टीहरूको फुट र विभाजनको कारण सांगठनिक स्थिति डामाडोल छ। यहि कारणले गर्दा गठबन्धनलाई तिन वटै तहको चुनाव सम्म नै लिएर जादा केहि न केहि चुनावी परिणाम आफ्ना निम्ति सकारात्मक हुने आशा उनीहरूको छ। यो अवस्थामा गठबन्धन भित्र कांग्रेस एकातिर अरु चार पार्टी अर्कोतिर भएर एमसीसीलाई दाउपेचको भकुण्डो बनाईरहेकाछन।

बाहिर गठबन्धनका नेताहरूले गठबन्धनमा हुनुकै कारण एमसीसीको पक्षमा हुने पर्ने र एमसीसीको विपक्षमा हुनुकै कारण गठबन्धन छोड्नै पर्ने गठबन्धन टोडने पर्ने जरुरत छैन भनेतापनि भित्र त्यस्तो छैन। गठबन्धनका पार्टीहरू एमसीसीको वारेमा स्वतन्त्र छैनन्। कांग्रेस गठबन्धनको लोभ देखाए अन्यलाई एमसीसीको पक्षमा लैजान चाहन्छ। त्यस्तै अन्यहरू एमसीसी पारित गर्ने लोभ देखाएर कांग्रेसलाई गठबन्धनको निरन्तरता तिर लैजान चाहन्छन। यो क्रममा उनीहरू विच कहिले लोभ र लालच त् कहिले धुर्की र धम्कि का शुत्रहरू पनि प्रयोग भैरहेकाछन। वेला वेलामा देउवाले कहिले ओली कार्ड देखाउनु त कहिले गठबन्धनको निरन्तरताको कुरा गर्नु तथा प्रचण्डको पछिल्लो अभिव्यक्ति एमसीसीको कन्टेन्ट नै चेन्ज गर्नुपर्ने वा एमसीसीलाई चुनाव पछि मात्र अघि बढाउनुपर्ने जस्ता जे चिज हरू वाहिर आएका देखिन्छन ति सवै गठबन्धन भित्र भैरहेको एमसीसी दाउपेच कै परिणाम हुन्।

सारमा कुरा के हो भने राजमोको आंशिक फरक मत भएतापनि अन्तत एमसीसी पारित गर्नुपर्दछ, गठबन्धन पनि बचाउनुपर्दछ भन्ने सवालमा गठबन्धनका सवै पार्टीको नेतृत्व एकमत छ। गठबन्धन भित्र भनियको विवादको कारण ति पार्टीका नेतृत्वमा रहेका एकाध नेताहरूको देशभक्त शोच होईन। आम जनताको संघर्ष र गठबन्धनमा रहेका पार्टीहरू भित्र रहेका देशभक्त नेता कार्यकर्ता हरूको दवाव त्यसको कारण हो। आम जनताको निरन्तर संघर्ष तथा गठबन्धनमा सम्मिलित पार्टीहरू भित्रका सच्चा देशभक्त नेता कार्यकर्ताहरूको दवावको कारण पनि गठबन्धनमा सम्मिलित पार्टीहरूका नेतृत्व नाङ्गो ढंगले एमसीसीको पक्षमा देखिन नसकेको तथ्य त छदैछ। साथै संसदीय राजनैतिक लाभको निम्ति पनि गठबन्धनका केहि मुख्य नेताहरूले एमसीसीलाई दाउपेचको साधन बनाईरहेका छन्। आफ्नो संसदीय राजनैतिक अभिस्ट पुरा हुने वित्तिकै उनीहरूले एमसीसी जस्ताको तस्तै पारित गर्न तयार हुनेछन। यो परिस्थितिमा आम जनता तथा गठबन्धनमा रहेको पार्टी भित्रका देशभक्त नेता कार्यकर्ताहरूको भूमिका देश र जनताको निम्ति झन् बढी महत्वपूर्ण हुनेछ। वास्तवमा प्रश्न गठबन्धन वा एमसीसी ? भन्ने होईन प्रश्न देश र जनता वा गठबन्धन र एमसीसी ? भन्ने हो। किनकी गठबन्धनका नेताहरू गठबन्धन वा एमसीसी मध्य एक होईन गठबन्धन र एमसीसी दुवै चाहन्छन। तर आम जनता तथा गठबन्धनमा रहेका पार्टीहरू भित्रका देशभक्त नेता,कार्यकर्ताहरू गठबन्धन र एमसीसीको पक्षमा होईन त्यसको बिरुद्ध देश र जनताको पक्षमा एकढिक्का हुनु आजको आवश्यकता हो।

# राष्ट्रघाती...

मजदुर नेता दिनेश, ढोगप्रसाद, जनसांस्कृतिक महासंघका केन्द्रीय सदस्य सुनिता, धर्मराज, विद्यार्थी नेता कुमार, अनुश, जगदिश्वर,




नरबहादुर कुमाल, ज्ञानेन्द्र, अनुश, रिबेल, बोल्सेभिक, अतित लिम्बु, बहन, प्रेम, सुनिल, राज बस्नेत, राजिव, राजकुमारलगायत दजनौ हुन्हुन्छ ।

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका विद्यार्थी नेता फुलमति, युवा नेता गगन परिवार सहित अन्य पनि गिरफ्तार हुनुभएको छ ।

त्यस्तै एमसीसी परियोजना खारेजी अभियान अन्तर्गत आयोजना गरेको नेपाल बन्द चितवनमा पूर्ण रूपमा सफल भएको छ । बन्दको पूर्व सन्ध्यामा मसाल जुलुस निकालेका आयोजकहरूले बन्दको दिन बिहानैदेखि नारायणगढको लायन्स चोकमा जम्मा भएर नाराजुलुस गरेका थिए ।

पाँच दल र एक मोर्चाका सयौं नेता तथा कार्यकर्ताले नाराबाजीसहित पुल्चोकमा प्रर्दशन गरेका थिए । जनताको समेत सहभागिता रहेको विरोध प्रदर्शनमा नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य एवम् चितवन ईन्चार्ज घननाथ सापकोटा विकासले सम्बोधन गर्दै यो एमसीसी परियोजना खारेजीको लागि सबै



सबै देशभक्तहरू जाग्नुपर्ने भनाइ व्यक्त गर्नुभएको थियो । उहाँले प्रहरी दमनमा उत्रिए कडा प्रतिरोध गर्ने चेतावनी दिनुभएको थियो । विरोध प्रदर्शनमा प्रहरी प्रशासनले कुनै हस्तक्षेप गरेन ।

उक्त प्रदशनमा नेकपाका जिल्ला ईन्चार्ज सन्देश पौडेल , नेकपा क्रान्तिकारी माओवादीका जिल्ला सेक्रेटरी अशोक शर्मा लगायतले नेतृत्व गरेका थिए ।

त्यस्तै २०७८ फागुन ०६ गते शुक्रबार राष्ट्रघाती एमसीसी सम्झौताको खारेजीका लागि भएको विशाल जुलुस सहितको विरोध कार्यक्रम कास्की जिल्लाको पोखरामा भब्यरूपमा सम्पन्न भएको छ । कास्की जिल्लामा कार्यरत राजनीतिक दलहरूको संयुक्त बिरोध कार्यक्रममा बोल्दै नेकपा (क्रान्तिकारी माओवादी)का प्रदेश सेक्रेटरी केश वहादुर परियारले यो राष्ट्रघाती एमसीसी सम्झौताको खारेज गर्नका लागि सम्पूर्ण देशभक्त, राष्ट्रवादी आम जनसमुदायहरू आन्दोलनमा एकतावद्ध भएर संघर्षमा आउन आब्हान गर्नु भयो । आज सम्मका परिवर्तनहरूमा नेपाली जनताको ठूलो साथ समर्थन भएकै कारणले गर्दा आन्दोलनले सफलता प्राप्त गर्दै आएको हो । यो राष्ट्रघाती एमसीसी सम्झौताको खारेजीका लागि पनि जनता नै उठ्नु पर्छ , तब मात्र देशलाई जोगाउन सकिन्छ ।

पोखराको लखनचोकबाट नारा जुलुस सहित विशाल र्‍याली सृजनाचोकमा पुगी बिरोध कार्यक्रम सुरु भएको थियो । नेपाल कम्युनिष्ट पार्टीका मनिश भट्टराईले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा राष्टिय जनमोर्चा समन्वय समिति गण्डकी प्रदेश इन्चार्ज बिक्रम थापा र नेपाल कम्युनिष्ट पार्टीका जिल्ला प्रतिनीधि अटल शर्माले बोल्नु भएको थियो ।

त्यसैगरी नेकपा (क्रान्तिकारी




माओवादी) जिल्ला समिति, कास्कीले फागुन ६ को विरोध कार्यक्रमको लागि विज्ञप्ति प्रकाशित गरेको छ । विज्ञप्तिको पूर्णपाठ यसप्रकार छ : 'राष्ट्रघाती एमसीसी सम्झौताको खारेजीको निम्ति नेपालका वामपन्थी र देशभक्त शक्तिहरूले विविध प्रकारका सङ्घर्षका कार्यक्रमहरू सञ्चालन गर्दै आएको तथ्य सर्वविदितै छ । राष्ट्रघाती एमसीसी सम्झौताको विरुद्ध आन्दोलनरत ६ वटा कम्युनिष्ट पार्टीहरू र २ वटा मोर्चाहरूको संयुक्त केन्द्रिय कार्यक्रम अन्तर्गत भोलि २०७८ फागुन ६ गते दिनको १ बजे लखनचोक (पृथ्वीचोक) मा जम्मा भई जुलुस सहित भिमसेनचोक (महेन्द्रपुल) मा पुगि राष्ट्रघाती एमसीसी सम्झौताको बिरुद्धमा बिरोध सभा गरी समापन गर्ने । राष्ट्रधाती एमसीसी सम्भौताको खारेजीको लागि हुन गईरहेको विरोध कार्यक्रममा सहभागी भई दिनु हुन पार्टीका सम्पूर्ण नेता, कार्यकर्ता, समर्थक शुभचिन्तक, देशभक्त तथा क्रान्तिकारी जनसमुदायलाई निम्न मिति, स्थान र समयमा उपस्थित भईदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।'

त्यस्तै बन्दलाई सफल बनाउनका लागि र बन्दको अवज्ञा विरुद्ध बुटवलका विभिन्न चोकहरूमा आन्दोलनकारीहरूले एमसीसी खारेजीको नारा लगाउदै बन्द सफल पार्न बिहानैदेखि आन्दोलनमा उत्रिएका आन्दोलनकारीहरूमाथि प्रहरीहरूले दमन गर्ने काम गरेका छन् ।

यसैक्रममा बुटवलको बसपार्कबाट नेकपा.(क्रान्तिकारी माओवादी)का पिविएम प्रेम सुवेदीसहीत ९ जना आन्दोलनकारीहरलाई गिरफतार गरेको छ ।

गिरफ्तार हुनेहरूमा नेकपा.(क्रान्तिकारी माओवादी)का पिविएम प्रेम सुवेदीसहीत राजु भुजेल र प्रगति राना, नेकपा(विप्लव)का माधव न्यौपाने, सन्तोष सुवेदी, रामबहादुर थारु र नाथु थारु छनर भने वैज्ञानिक समाजवादी क.पा.का शशी विक र तुलबहादुर विक छन् ।

गिरफतार सबैलाई इलाका प्रहरी कार्यालय बुटवलमा राखिएको छ ।

त्यस्तै बन्दलाई सफल बनाउनका लागि र बन्दको अवज्ञा विरुद्ध कैलालीमा पनि आन्दोलनकारीहरूले एमसीसी खारेजीको नारा लगाउदै बन्द सफल पार्न विहानैदेखि नारा र जुलुससहीत कैलालीको अत्ररीया बजार परिक्रमा गरि अत्तरीयाको सडकमा आन्दोलनलाई निरनतरता दिइरहेका छन् ।

उक्त क्षेत्रमा नेकपा.(क्रान्तिकारी माओवादी)का जिल्ला सेक्रेटरी रुद्र कँडेलको नेतृत्वमा टंक कोइराला, पुष्करजोशी लगायत जिल्लाका नेता तथा नेकपा(विप्लव) र वैज्ञानिक समाजवादी क.पा.का नेता तथा कायृकर्ताहरूको सहभागिता रहेको छ ।

यसैगरी फागुन ६ गते शुक्रबार राष्ट्रघाती एमसीसी सम्झौताको खारेजीका लागि भएको जुलुस सहितको



विरोध कार्यक्रम गोरखा बजारको बसपार्कमा भब्यरूपमा सम्पन्न भएको छ । गोरखाजिल्लामा कार्यरत राजनीतिक दलहरूको संयुक्त बिरोध कार्यक्रममा प्रमुख वक्ताको रूपमा बोल्दै नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) का प्रदेश सदस्य एवं गोरखा जिल्ला सेक्रेटरी कमरेड कृष्ण कट्टेलले राष्ट्रघाती एमसीसी सम्झौताको खारेज गर्नका लागि आम जनसमुदायलाई आन्दोलनमा आउन आब्हान गर्नु भयो ।

गोरखा सदरमुकामको हरमटारीचोक (सहिदगेट) देखि नारा जुलुस सहित गोर्खा बजार परिक्रमा गरी बसपार्कमा भएको उक्त बिरोध कार्यक्रमको सञ्चालन नेपाल कम्युनिष्ट पार्टी गोर्खा जिल्ला सदस्य गगन परियारले गर्न भएको थियो । विरोध कार्यक्रमा नेपाल कम्युनिष्ट पार्टी गोर्खा जिल्ला सदस्यहरू चिन वहादुर गुरुङ्ग , नवराज ढकाल र नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी का जिल्ला सदस्य एवं युवा नेता अमृत रानाले बोल्नु भएको थियो ।

उता नेकपा(क्रान्तिकारी माओवादी)लगायत ६ दल र २ मोर्चाद्वारा राष्ट्रघाति एमसीसी सम्झौता बिरुद्ध सुर्खेतमा बृहत रयाली र बिरोध कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेकपा(क्रान्तिकारी माओवादी)का केन्द्रिय सदस्य कृष्ण गुरुङ नेकपा सुर्खेत जिल्ला सचिव स्याम कार्की, नेकपा.केन्द्रिय सदस्य एटम बि.सि., नेकपामसालका बिष्णु शमार्, नेकपा(माओवादी केन्द्र समाजवादी पार्टी)का केन्द्रिय सदस्य कृष्ण बोहोरा लगायतका




बक्ताहरूले सम्बोधन गर्नु भएको थियो ।

सो कार्यक्रमको बिरोध र्‍याली नारा जुलुस सहित मंगलगडि चोकबाट सुरु भै घण्टाघर हुँदै विरेन्द्र चोकमा गै शभामा परिणत भएको थियो । सो कार्यक्रमको अध्यक्षता र सन्चालन नेकपा( क्रान्तिकारी माओवादी) प्रदेश सचिवालय सदस्य तथा कालिकोट जिल्ला सचिब कर्ण बि.सि. ले गर्नु भएको थियो ।

त्यस्तै यही फागुन ६ गते सिन्धुली जिल्लाको सदरमुकाम सिन्धुलीमाडी बजारमा राष्ट्रघाती एमसीसी खारेजीको लागि नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) ,नेपाल कम्युनिष्ट पार्टी (विप्लव) र देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले जुलुस नारा सहित बजार परिक्रमा गर्दै लोकतान्त्रिक चौतारीमा कोणसभा सम्पन्न गरयो ।

उक्त कोणसभाको उद्घोषण







देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका जिल्ला अध्यक्ष ढक प्रसाद देवकोटाले गर्नु भएको थियो भने नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) सिन्धुली जिल्ला समिति सेक्रेटरी सुवर्णले र नेपाल कम्युनिष्ट पार्टी (विप्लव) जिल्ला नेता शशिले संबोधन गर्दै अमेरिकी साम्राज्यवादीले सहयोगको नाममा नेपालमाथि थोपारेको राष्ट्रघाती एमसीसी जुनसुकै तरिकाले आवश्यक परे भिषण संघर्ष उठान गरी नेपालबाट रदाका लागि खारेज गर्न पर्छ भन्नुभयो ।

त्यस्तै एमसीसी खारेजीको माग गर्दै पश्चिम नवलपरासी जिल्लाको बर्दघाटमा जुलुस तथा कोणसभा गरिएको छ ।

जिल्लामा पाँच कम्युनिष्ट पार्टी र दुई मोर्चाको संयुक्त आयोजनामा भएको र्‍याली बसपार्क हुदै त्रिवेणीचोक नगरपालिका लाइन हुदै हाटबजारका कोणसभामा परिणत भएको थियो ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का जिल्ला सेक्रेटरी छविलाल खरालले एमसीसी खारेजीको बिकल्प नभएको बताउनुभयो । उहाँले राष्ट्रघाती एमसीसी खारेजीको अभियानमा सबै देशभक्त लाग्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा देशभक्त जनगणतान्त्रिक मोर्चाका नेता चुडामणि भण्डारीले राष्ट्रवादी शक्तिहरू एकताबद्ध भएर देश जोगाउन अगाडि बढ्नुपर्ने बताउनुभयो ।

विप्लव नेकपामा बिशेष जिल्ला समिति सदस्य गंगा प्रसाद ज्ञवालीले अमेरिकी साम्राज्यावादलाई लखेट्न जस्तो सुकै मुल्य चुकाउन तयार रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेकपा (मसाल)का जिल्ला प्रबक्ता धनपति सापकोटा , राष्ट्रिय जनमोर्चाका जिल्ला सल्लाहकार तथा रक्तिम अभियानका अध्यक्ष रेम रानालागयतले सम्बोधन गर्दै एमसीसी हिन्द प्रशान्त रणनीतिको अंग रहेकोले खारेज गर्नुपर्ने बताउनुभयो । कार्यक्रम अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष सन्देश सापकोटाको संचालनमा भएको थियो ।

त्यसैगरी एमसिसी संझौता खारेजीको माग गर्दै ६ कम्युनिस्ट घटकहरूले उदयपुरको गाइघाटमा र्‍यालीसहित बिरोध सभा सम्पन्न गरेका छ्न् । गाइघाटको पिपल चोकमा गरिएको उक्त संयुक्त बिरोध सभामा नेकपा (क्रान्तिकारी माओवादी)का केस तथा इन्चार्ज मोहन सिं तामाङ ,नेकपा बिप्लबका के.स.बिबेक कुमाल र नेकपा मालेका के.स. राम प्रशाद चौंलागाइले सम्बोधन गरेका थिए ।

उक्त सभामा दलाल संसदीय ब्यबस्था असफल भइसकेको बताउंदै यदि :ऋऋ पास भएमा देशमा रगतको खोलो बग्ने चेताबनी दिएका थिए ।

त्यसैगरी सहयोगको नाममा ल्याइएको :ऋऋले नेपाललाई



नब उपनिबेश बनाउन लागिएको र नेपाललाई अफगानिस्तान बनाइ चिनलाइ घेर्ने नीति लिएकोले जसरी पनि नेपालबाट खारेजी हुनु पर्ने र यसको लागि जस्तो सुकै बलिदानी दिन पनी तयार हुनु पर्ने बक्ताहरूको भनाइ थियो ।

उक्त कार्यक्रम नेकपा बिप्लबका इन्चार्ज लक्षमण पौडेलले संचालन गरेका थिए । बिरोधसभा हुनु अगाडि दलाल संसदीय ब्यबस्था मुर्दाबाद,:ऋऋ चाहिदैन,देश बेच्न पाइदैन , :ऋऋ गो ब्याक भन्दै विभिन्न नाराजुलुसहित गाइघाट बजार परिक्रमा गरेका थिए । यसैबीच, प्रदेश १ मा मोरङ लगायत अन्य जिल्लाहरूमा समेत विरोध प्रदर्शन भएको सम्बद्ध स्रोतले जनाएको छ ।

त्यस्तै सुर्खेतमा बन्दकर्ताको प्रदर्शन प्रभावकारी रहयो । आज विहनै केही यातायातका साधनहरूमाथि बन्दकर्ताले सामान्य तोडफोड गरे भने दिनभरी नारा जुलुससहीत बजार परिक्रमा गरियो । तोडफोडका क्रममा प्रहरले नेकपा विप्लवका कार्यकतालाई गिरफतार गरेर पछि रिहा गरिदियो ।

एकजना बन्दविरोधीले आन्दोलनकारीमाथि हातपात गर्दा चारजना आन्दोलनकारी सामान्य घाइते भएभने प्रहरी प्रशासनले हस्तक्षेप गरेन ।

आन्दोलनमा नेकपा (क्रान्तिकारी माओवादी), नेकपा, वैज्ञानिक समाजवादी क.पा.र नेकपा.(माके समाजवादी)को सहभागिता थियो ।

यसैबीच नवलपुरमा बन्दकर्ताको प्रदर्शन प्रभावकारी रहयो । पूर्वी नवलपरासीको कावासोती १६ साविक श्री पेट्रोल पम्प निर बन्द कर्ताले टायर बालेर सडक अवरुद्ध गरे । साविक श्री अगाडि बन्दकर्ताले टायर बालेर अवरुद्ध गरेको सडक प्रहरीले निभाएको थियो । बन्द कर्ताले नवलपुरको ठाउँठाउँमा मुख्य चोकमा बसेर यातायात ठप्प पारे । परिणाम नवलपुरमा लामा तथा छोटो दुरीका यात्रुबाहक बस सञ्चालनमा आएनन ट्रक, मिनी ट्रक मोटरसाइकलहरू भने केही सञ्चालनमा थिए ।

नवलपुरमा बन्द कर्ता र प्रहरी बीच झडप कुटपिट गिरफ्तार केही नभएको र शान्तीपूर्ण वातावरण रहेको नवलपुर प्रहरीले जनाएको छ । बन्दमा नेकपा(क्रान्तिकारी माओवादी), नेकपा(विप्लव), देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल लगायतका पाँच दलले एमसीसीको विरोधमा नेपाल बन्द गरेका हुन् । बन्दको अन्तिम कार्यक्रमका रूपमा पूर्वी नवलपरासीको कावासोतीमा कोणसभा गरी कार्यक्रमको समापन गरेका छन् । उक्त कोणसभाको संचालन नेकपा(विप्लव)का विश्वासले गरेको र उक्त कोणसभालाई नेकपा(क्रान्तिकारी माओवादी)का पिविएम अनुकुलले सम्वोधन गर्नु भएको थियो ।

# महासचिव किरणद्वारा दमन र धरपकडको घोर विरोध गर्दै सच्चा देशभक्त क्रान्तिकारीहरूलाई सडकमा ओर्लन

संसारका मजदूरहरू एक हौं ! मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद !

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)
Communist Party of Nepal (Revolutionary Maoist)
केन्द्रीय समिति
Central Committee

पत्र संख्या/Serial No. :–
चलानी नं./Regd. No. :–

## प्रेस-वक्तव्य

हिन्द-प्रशान्त रणनीतिको अंश रहेको राष्ट्रघाति एमसीसी परियोजनालाई आज संसदमा टेबुल गर्ने र अनुकूल समयमा त्यसको अनुमोदन गराउने सरकारी योजनाका विरुद्ध हाम्रो पार्टी लगायत छ ओटा राजनीतिक पार्टीहरुले आह्वान गरेको शान्तिपूर्ण नेपाल बन्दको कार्यक्रममाथि देउवा नेतृत्वको गठबन्धन सरकार अन्धाधुन्द दमनमा उत्रिएर देशभरिबाट सयौं नेता तथा कार्यकर्ताहरुलाई गिरफ्तार गरेको छ । हाम्रो पार्टीबाट गिरफ्तार हुनुहुने कमरेडहरुमा पोलिटब्यूरो सदस्य द्वय प्रेम सुवेदी र पवनमान श्रेष्ठ, केन्द्रीय सदस्य राम नारायण सिंह, देजमो गण्डकीका अध्यक्ष नेत्र रानाभाट, ललितपुरका सेक्रेटरी श्याम केसी, सिराहाका सक्रेटरी संजय सिंह, तनहुँ जिल्ला सेक्रेटरी नारायण लम्साल, मंगल तामाङ, राजु भूर्तेल, प्रगति राना, बाबुलाल तामाङ, मनोज थापा, शंभु साह, ढक प्रसाद देवकोटा, हरि बस्नेत, बालकृष्ण थापा, बुद्धि वि.क., दीप बहादुर नेपाली लगायत पचासौं नेता तथा कार्यकर्ताहरु हुनुहुन्छ । त्यसै गरी आयोजक अन्य पार्टीहरुबाट माधव न्यौपाने, सन्तोष सुवेदी, शशी वि.क., रुपेश वाग्ले, पूर्णजित पुन, महावीर, राजु वि.क., रुपा वि.क., राजकुमार, शौरभ, अशोक, शशी, गोपाल ब्लोन लगायत पचासौं नेता तथा कार्यकर्ता कमरेडहरु गिरफ्तार हुनु भएको छ । अमेरिकी साम्राज्यवादलाई खुसी पार्न देउवा सरकारले गरेको यो दमन तथा धरपकडको हाम्रो पार्टी घोर निन्दा तथा विरोध गर्दछ र गिरफ्तार हुनुभएका सम्पूर्ण नेता तथा कार्यकर्ता कमरेडहरुको अविलम्व रिहाइको माग गर्दछ ।

अमेरिकी साम्राज्यवादको दलाल देउवा सरकारले जुनसुकै बेला एमसीसी परियोजनालाई संसदमा टेबुल गर्ने र छापामार शैलीमा त्यसको अनुमोदन गर्ने संभावना एकाएक बढेर गएको हुनाले यस प्रति चनाखो हुन र त्यसको खारेजीका लागि आवश्यक परेको बेलामा सडकमा ओर्लिन हाम्रो पार्टी सम्पूर्ण देशभक्त, सच्चा लोकतन्त्रवादी, प्रगतिशील, वामपन्थी तथा क्रान्तिकारी समूह तथा व्यक्तित्वलाई हार्दिक अनुरोध गर्दछ ।

मिति : २०७८ फागुन ४

किरण
महासचिव
नेकपा (क्रान्तिकारी माओवादी)

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले राष्ट्रघाती एमसीसी सम्झौता संसदमा टेबल गर्ने योजनाका विरुद्ध नेपाल बन्दको संघर्षमा उत्रिएका क्रान्तिकारी माओवादीसहित ६ वटा राजनीतिक पार्टीका नेता कार्यकर्तामाथि गरिएको दमन र धरपकडको घोर निन्दा एवम् तीव्र विरोध गर्नुभएको छ। उहाँले गिरफ्तार हुनुभएका सम्पूर्ण नेता तथा कार्यकर्ता कमरेडहरूको अविलम्व रिहाइको माग गर्नुभएको छ।

साथै, उहाँले वक्तव्यमा भन्नुभएको छ, ‘अमेरिकी साम्राज्यवादको दलाल देउवा सरकारले जुनसुकै बेला एमसीसी परियोजनालाई संसदमा टेबुल गर्ने र छापामार शैलीमा त्यसको अनुमोदन गर्ने संभावना एकाएक बढेर गएको हुनाले यस प्रति चनाखो हुन र त्यसको खारेजीका लागि आवश्यक परेको बेलामा सडकमा ओर्लिन हाम्रो पार्टी सम्पूर्ण देशभक्त, सच्चा लोकतन्त्रवादी, प्रगतिशील, वामपन्थी तथा क्रान्तिकारी समूह तथा व्यक्तित्वलाई हार्दिक अनुरोध गर्दछ ।’

**यस्तो छ वक्तव्यको पूर्णपाठ :**

‘हिन्द-प्रशान्त रणनीतिको अंश रहेको राष्ट्रघाति एमसीसी परियोजनालाई आज संसदमा टेबुल गर्ने र अनुकूल समयमा त्यसको अनुमोदन गराउने सरकारी योजनाका विरुद्ध हाम्रो पार्टी लगायत छ ओटा राजनीतिक पार्र्टीहरूले आह्वान गरेको शान्तिपूर्ण नेपाल बन्दको कार्यक्रममाथि देउवा नेतृत्वको गठबन्धन सरकार अन्धाधुन्द दमनमा उत्रिएर देशभरिबाट सयौं नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गरेको छ। हाम्रो पार्टीबाट गिरफ्तार हुनुहुने कमरेडहरूमा पोलिटब्यूरो सदस्य द्वय प्रेम सुवेदी र पवनमान श्रेष्ठ, केन्द्रीय सदस्य राम नारायण सिंह, देजमो गण्डकीका अध्यक्ष नेत्र रानाभाट, ललितपुरका सेक्रेटरी श्याम केसी, सिराहाका सक्रेटरी संजय सिंह, तनहुँ जिल्ला सेक्रेटरी नारायण लम्साल, मंगल तामाङ, राजु भूर्तेल, प्रगति राना, बाबुलाल तामाङ, मनोज थापा, शंभु साह, ढक प्रसाद देवकोटा, हरि बस्नेत, बालकृष्ण थापा, बुद्धि वि.क., दीप बहादुर नेपाली लगायत पचासौं नेता तथा कार्यकर्ताहरू हुनुहुन्छ। त्यसै गरी आयोजक अन्य पार्टीहरूबाट माधव न्यौपाने, सन्तोष सुवेदी, शशी वि.क., रूपेश वाग्ले, पूर्णजित पुन, महावीर, राजु वि.क., रूपा वि.क., राजकुमार, शौरभ, अशोक, शशी, गोपाल ब्लोन लगायत पचासौं नेता तथा कार्यकर्ता कमरेडहरू गिरफ्तार हुनु भएको छ। अमेरिकी साम्राज्यवादलाई खुसी पार्न देउवा सरकारले गरेको यो दमन तथा धरपकडको हाम्रो पार्टी घोर निन्दा तथा विरोध गर्दछ र गिरफ्तार हुनुभएका सम्पूर्ण नेता तथा कार्यकर्ता कमरेडहरूको अविलम्व रिहाइको माग गर्दछ।

अमेरिकी साम्राज्यवादको दलाल देउवा सरकारले जुनसुकै बेला एमसीसी परियोजनालाई संसदमा टेबुल गर्ने र छापामार शैलीमा त्यसको अनुमोदन गर्ने संभावना एकाएक बढेर गएको हुनाले यस प्रति चनाखो हुन र त्यसको खारेजीका लागि आवश्यक परेको बेलामा सडकमा ओर्लिन हाम्रो पार्टी सम्पूर्ण देशभक्त, सच्चा लोकतन्त्रवादी, प्रगतिशील, वामपन्थी तथा क्रान्तिकारी समूह तथा व्यक्तित्वलाई हार्दिक अनुरोध गर्दछ।’

# तनहुँमा नेकपा.(क्रान्तिकारी माओवादी)का जिल्ला सेक्रेटरी नारायण लम्साल र देजमो प्रदेश अध्यक्ष नेत्र रानाभाटसहित ८ जना गिरफ्तार

तनहुमा नेकपा.(क्रान्तिकारी माओवादी)का जिल्ला सेक्रेटरी नारायण लम्साल र देजमो प्रदेश अध्यक्ष नेत्र रानाभाट सहीत ८ जना गिरफ्तार

तनहु। बन्दलाई सफल बनाउनका लागि र बन्दको अवज्ञा विरुद्ध तनहुमा आन्दोलनकारीहरूले एमसीसी खारेजीको नारा लगाउदै बन्द सफल पार्न विहानैदेखि नारा र जुलुससहीत आन्दोलनमा उत्रिएका आन्दोलनकारीहरूलाई देउवा सरकारले प्रहरी परिचालनगरी दमौलीचोकबाट गिरफतार गर्ने काम गरेको छ।

गिरफतार गरिनेहरूमा नेकपा.(क्रान्तिकारी माओवादी)का जिल्ला सेक्रेटरी नारायण लम्साल र देजमो प्रदेश अध्यक्ष नेत्र रानाभाट सहीत नेकपा(विप्लव)का जिल्ला इन्जार्च पूर्णजित पुन, लम्जुंग गोरखा इन्चार्ज रूपेश वाग्ले, तनहु जिल्ला सेक्रेटरी राजु विक, व्यास नगरपालिका इन्चार्ज ओम विक्रम पन्त, मजदुर नेता मोहनकार्की हुनुहुन्छ। उहाँहरूलाई जिल्ला प्रहरी कार्यालय दमौलीमा राखिएको छ।




यसैबीच नवलपुरको कावासोतीमा प्रहरीहरूको व्यापक परिचालन गरि वन्दलाई कमजोर बनाउने कोशिसमा प्रशासन लागेको जानकारी नेकपा.(क्रान्तिकारी माओवादी)का पिविएम अनुकुलले दिनु भएको छ।

# मार्क्सवादी एकता अभियान नेपालका संयोजक डा. शम्भु कट्टेलद्वारा एमसीसीवारे जारी वक्तव्य

काठमान्डौ। एमसीसी संझौता सम्वन्धमा देश र जनताल सडकबाट यसको खारेजीको माग गरिरहेका तर ससदमा रहेका एक दुई साना दल( नेपाल मजदुर र राजमो)बाहेक अरुहरूको अमेरिकी साम्राज्यवादका अगाडि आत्मसमर्पणको अवस्था देखिदै गएको समयमा यही सेरोफेरोमा मार्क्सवादी एकता अभियान नेपालका संयोजक डा. शम्भु कट्टेलव्दारा एमसीसीवारे वक्तव्य जारी गरी उक्त अभियानको धारणा स्पष्ट पार्ने काम गर्नु भएको छ। वक्तव्यको पूर्णपाठ तल दियएको छः

**वक्तव्य**

एमसीसी संझौता संबन्धमा नेपाली सत्ताधारीदलहरू र तिनको सरकारको निकम्मापनले ल्याएको नेपाल-केन्द्रित शक्ति राष्ठ्रहरूको टकराव दुर्भाग्यपूर्ण !

विगतका कैयौं असमान संझौताहरूबाट पाएको तीतो अनुभव छंदाछंदै, नेपालको संबिधानले नदिंदा नदिंदै, नेपालको बिजुलीको आवश्यकता अनुरूप छैन भन्ने जान्दा जान्दै, संझौताको योजना बाहुनलाई हात्तीदान साबित हुन्छ भन्ने देख्दा देख्दै, नेपालको असंलग्न परराष्ठ्र नीति अनुरूप छैन भन्ने प्रष्ठ हुंदाहुंदै र नेपाली शान्ति र सुरक्षा खलबलिने शंका हुंदाहुंदै आत्मनिर्भर राष्ठ्रीय अर्थतंत्रको अवधारणा विपरीत बिदेशी सहायता, बिदेशी शक्ति र कमीशनमुखी चिन्तनको परिणाम स्वरूप सत्ताधारी दलहरूका नेताहरूबाट वीना राष्ठ्रीय बहस र पूर्वयोजना गुपचुप गरेर एमसीसी प्याक्ट नेपाल नामको जुन संझौताहरू गर्यो त्यसले आज बिदेशीबाट फोनबाटै दबाव वा धम्की मात्र होइन, शक्तिराष्ट्रहरूको नेपाल-केन्द्रित टकराव पनि देख्न परेको छ। यो सो संझौताले नेपालको शान्ति र सुरक्षामा ल्याउने स्वाभाविक गडबडीको पूर्व संकेत हो र दुर्भाग्यपूर्ण छ।

नेपालले समयमै यस्तो पेन्डुरा बक्समा हात हाल्नु भन्दा नहाल्नु नै बेश छ, पचपन्न अरब ठूलो रकम होइन, भ्रष्टाचार रोके र उठाउन पर्नेहरूसंग बक्यौता कर मात्रै उठाए पनि कैयौं गुणा बढी रकम उठ्छ। बिदेशीको प्रवेश, निगरानी, लेखा आदि धेरै कुरामा बिदेशीको हात माथि राखिएको, देशभित्र बिजुलीको किफायती आपूर्तिको लागि नेपालको प्राथमिकताको भौगोलिक क्षेत्रमा प्रसारण लाइन नजाने, बिबादग्रस्त, वस्तीहरूको पुनर्वास र जग्गा अधिकरण गर्नु पर्ने यस्तो योजनाको योजना अबधि लम्बिएर लागत खर्च अत्यधिक बढ्ने र निर्यातित बिजुलीको उचित मूल्य पाइन्छ भन्ने सुनिश्चिततासम्म पनि नभएको र बिदेशी शक्तिहरूको टक्कर निम्त्याउने यो योजनाबाट कतिपय देशहरू पन्छिए जस्तै समयमै पन्छिएर असंलग्न छिमेकी संबन्ध बनाउनु नै श्रेयस्कर छ।

*डा. शम्भु कट्टेल*
*संयोजक*
*मार्क्सवादी एकता अभियान नेपाल*
*८ फागुन २०७८*

# देउवा सरकारले जनताको ढाड सेक्ने गरी बढायो पेट्रोलियम पदार्थको मूल्य



काठमाडौं। नेपाल आयल निगमले फेरि पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ। शनिबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल डिजेल र मट्टितेलमा ३ रूपैयाँ वृद्धि गरेको हो।

नयाँ मूल्य अनुसार पेट्रोलको मूल्य १ सय ४५ कायम गरिएको छ भने डिजेल र मट्टितेलको मूल्य १२८ रूपैयाँ कायम गरिएको छ। ग्यासको मूल्य भने यथावत राखिएको छ।

## संयुक्त प्रेस विज्ञप्ति

आज ६ कम्युनिस्ट पार्टी र २ वटा मोर्चाको बैठक नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय कार्यालय बुद्धनगर, काठमाडौंमा बस्यो। बैठकले नेपाली जनताको MCC विरूद्धको संघर्ष गम्भिर मोडमा पुगेको निस्कर्ष निकालेको छ। अमेरिकी राजदुत ज्याण्डि बेरिको ट्यूट, चीनको विदेश विभागको पत्रकार सम्मेलनबाट व्यक्त धारणा र देउवा सरकारको MCC संसदमा टेबुल गरी पारित गराउने अन्तिम कसरतले उक्त कुराको पुस्टि गरेको छ। MCC जुनसुकै मूल्यमा खारेज गरी राष्ट्रिय स्वाधिनताको रक्षाको सवालमा आफूलाई आन्दोलित गरिरहेका नेपाली जनताका अगाडि जनसंघर्षको कार्यक्रमलाई उच्चता र व्यापकता प्रदान गर्नु आफ्नो कर्तव्य हुन आएको छ। आन्दोलन र राष्ट्रिय मुक्तिको आवश्यकतालाई दृष्टिगत गरी हामी ६ पार्टी र २ मोर्चाले फागुन ८ गते निम्नानुसार जनसंघर्षको कार्यक्रम घोषणा गरेका छौं। घोषित जनसंघर्षको कार्यक्रममा व्यापक सहभागिता र उच्च सफलताका निम्ति MCC का विरूद्ध संघर्षरत सबै शक्ति र आम जनसमुदायमा विनम्र अनुरोध गर्दछौं।

धन्यवाद !

**संघर्षको कार्यक्रम**

१. काठमाण्डौ उपत्यकामा माइतिघर मण्डलाबाट विरोध प्रदर्शन सहित नयाँ बानेश्वर स्थित संसद भवन घेराउ

२. देशव्यापी रूपमा सबै जिल्लामा व्यापक विरोध प्रदर्शन सहित जिल्ला प्रशासन कार्यालय घेराउ

| | | |
|---|---|---|
| विप्लव<br>महासचिव<br>नेपाल कम्युनिष्ट पार्टी | मोहन विक्रम सिंह<br>महामन्त्री<br>नेपाल कम्युनिष्ट पार्टी (मसाल) | मोहन वैद्य 'किरण'<br>महासचिव<br>नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) |
| चित्रबहादुर के.सी.<br>अध्यक्ष<br>राष्ट्रिय जनमोर्चा, नेपाल | सी.पी. गजुरेल<br>अध्यक्ष<br>देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल | ऋषि कट्टेल<br>अध्यक्ष<br>नेपाल कम्युनिष्ट पार्टी |
| आहुती<br>संयोजक<br>वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी, नेपाल | | कर्णजित बुढाथोकी 'सुशिल'<br>अध्यक्ष<br>नेकपा माओवादी केन्द्र समाजवादी |

७ फागुन, २०७८

# नेकपा(मसाल)को इतिहास र वर्तमान– क्रान्तिकारी रणनीति प्राप्त गर्न दक्षिणपन्थी संशोधनवादी संसदवादी कार्यनीतिको निरन्तरता



● हुकुमबहादुर सिंह ●

*लामो समयदेखि केपी ओली नेतृत्वको नेकपा(एमाले)लाई र मूलतः केपी ओलीलाई राष्ट्रवादी वामपन्थी भन्दै आएको नेकपा(मसाल) नेतृत्वले अहिले नेकपा(एमाले)लाई प्रतिगमनकारी शक्ति भनेर तत्कालका लागि एउटा सही काम त गर्न पुग्यो तर त्यसलाई अझ ओझेलमा पार्नेगरी नेपालको अर्को कम्युनिस्ट विरोधी प्रतिक्रियावादी शक्ति नेपाली काँग्रेसको नेतृत्वको सरकार संचालनमा गठित पाँचदलीय गठवन्धनमा सहभागि बन्न मात्रै पुगेन नेकपा(मसाल)का महामन्त्री क. मोहनविक्रम सिंहले आफ्ना लेख तथा अन्तरवार्ताहरूमा नेपालको संविधान २०७२, संसदीय व्यवस्था र पाँचदलीय गठवन्धनको वारेमा जसरी यिनीहरूको आवश्यकता र महत्ववारे सकारात्मक पक्षमा व्याख्या र विश्लेषण गरेर नेपाली जनता र आफनै कार्यकर्ताका विचमा ल्याइरहनु भएको छ, त्यसले क्रान्तिलाई नभई तिनै प्रतिक्रियावादी र प्रतिगानकारी राजनीतिक शक्तिहरूलाई नै मदत पुग्ने काम भएको छ*

नेकपा(मसाल) र राजमो दुवै सिद्धान्त, विचारका दृष्टिले नेकपा (मसाल) लाई नेपाली कम्युनिस्ट आनदोलनमा आधारभूत रूपमा क्रान्तिकारी कम्युनिस्ट, सिद्धन्तनिष्ट कम्युनिस्टको रूपमा विश्लेषण गर्ने गरिन्छ। यसका पछाडि उसले लिएको क्रान्तिको रणनीतिक लक्ष्य र उद्येश्य हो । तर उक्त घोषित क्रान्तिको रणनीतिक लक्ष्य र उद्येश्य प्राप्त गर्न उसले खपनाउने गरेको कार्यनीति र कार्यशैली दक्षिणपन्थी संशोधनवादी संसदवादी रहँदै आएको छ ।

यति लामो समयसम्म नेकपा(मसाल)ले नेपालमा नयाा जनवादी क्रान्ति प्राप्त गरी वैज्ञानिक समाजवाद र साम्यवाद तर्फमो मार्गलाई अगाडि बढाउने कार्यनीति अपनाउन चाहेन। सधैभरी त्यसकै गोचक्करमा बाँधी रहयो। आजसम्म उसले अपनाएको कार्यनीति र कार्यदिशा उसले लिएको रणनीति र सिद्धान्तलाई प्राप्त गर्न मदतगार कहिल्यै बनेन। कार्यनीतिको सही चयनमा नेकपा(मसाल)ले सधैभरी गल्ती गर्दै आएको छ। २०५१ पछि त नेकपा (मासल)ले संसदमा भाग लिनेलाई एउटा र्ससदवादी कम्युनिस्टभन्दा फरक हुन सकेन। कार्यनीतिको नाममा रणनीति नै त्यसैलाई बनाउदै लग्यो ।

नेकपा(मसाल)को क्रान्तिको मार्गदर्शक सिद्धान्त, विचार र रणनीतिक लक्ष्य तथा उद्येश्य आधारभूत रूपमा क्रान्तिकारी रहेको तर जब त्यसको प्राप्ती कसरी गर्ने भन्ने सही कार्यनीतिको प्रश्नमा सधैभरी अल्मलाउने खालको र सधै गलत कार्यनीति अपनाउने गरेको पाइन्छ ।

चौथो माहधिवेशनमा करीव दशवर्षसम्म देशभक्त जनतान्त्रिक शक्तिको सरकार भनेर मोहनविक्रम सिंहले त्यसको विरोध गर्नेलाई अनेकौ आरोप लगाउने, विभिन्न टयाग भिराउने काम गर्नु भयो तर पछि गएर त्यसलाई उहाँले फिर्ता लिंदा विगतमा आफूबाट भएको गल्तीको आत्मआलोचनासम्म नगरेको इतिहास छ। करीव दशवर्षसम्म देशभक्त जनतान्त्रिक शक्तिको सरकार भनेर उहाँले अगाडि सारेको कार्यनीतिक नारा क्रान्तिको मार्गदर्शक सिद्धान्त, विचार र रणनीतिक लक्ष्य तथा उद्येश्यको प्राप्तमा बाधक थियो, भयो ।

त्यसैगरी २०५१सालदेखि लगातार संसदीय व्यवस्थामा भागलिंदा सुरुमा त संसदीय व्यवस्थाको भण्डाफोरका लागि भनेर कार्यकर्तालाई लामो समयसम्म भ्रममा राखेर क्रमसः नेकपा(एमाले)को बैशाखीमा जसरी नी संसदमा जाने नीति (भन्दा कार्यनीति तर सहीरूपमा रणनीति) अपनाउनु भयो ।

संसदमा लामो समयदेखि भागलिएको सरकारमा पनि भाग लिएको, नेपालको संविधान २०७२को रक्षा र त्यसको सुदृढकरण गर्नेवारे चिन्तित नेकपा( मसाल) र त्यसको वैधानिक मोर्चा राजमो खोलेर नेकपा(मसाल)लाई अर्धभूमिगत राखेको तर पार्टी विकास र संघर्षका रूप सधै बैधानिक घेराभित्रमात्रै सिमित रख्दै आएको यथार्थ हो । अनि त्यसवारे पार्टीमा बहस उठाउने कमरेडहरू, जसले पार्टीको कार्यदिशा र कार्यनीतिमा विचलन आयो भनेर त्यसवारे प्रश्न उठायो कि त्यसलाई शत्रुतापूर्ण व्यवहार गर्न सुरु गर्ने । यस्तो कार्यशैली उहाँमा रहँदै आएको गैर क्रान्तिकारी कार्यशैली र कार्यनीतिको परिणाम हो ।

त्यसैले उहाँसंग काम गरेका क्रान्तिकारीहरूले कार्यनीततिमै मदभेद देखाउन थाले भने त्यसैलाई नै रणनीतिक लक्ष्य, उद्येश्यमा देखीएको भिन्ताका रूपमा व्याख्या र विश्लेषण गर्ने मात्रै होइन कुनै न कुनै विल्ला जस्तै निर्मल लामालाई सिआइडी, पुष्पलाललाई गद्दार, सूर्यनाथ यादव, जयगोविन्द शाहा, र अहिले आठौ महाधिवेशनमा मतभेद राख्नेहरूमाथि उहाँले गरेको व्यवहार र कार्यशैलीआदि केही यसका उदाहरणहरू हुन ।

अहिले पनि कम्युनिस्ट आन्दोलनको इतिहासमा मोहनविक्रम सिंहले क्रान्तिको मार्गदर्शक सिद्धान्त, विचार र रणनीतिक लक्ष्य तथा उद्येश्यवारे तुलनात्मक रूपले सही बोल्ने र लेख्ने तर कार्यनीतिको छनोटमा सधैभरी गलत दिशातर्फ लैजाने कार्यनीतिको छनौट , यो क. मोहनविक्रम सिंहले सचेतनापूर्वक गर्दै आएको क्रान्तिविरोधी चरित्रको परिणाम हो भन्ने आधार बलियो देखिएको छ ।

अहिले पनि नेकपा(मसाल) उसको राजमोमार्फत पार्टी पाँचदलीय गठवन्धनमा सरकार सञ्चालनको उच्च तहमा बसेको छ तर पार्टीलाई सरकार बाहिरको हो भन्नु एउटा केटौले तर्क मात्रै हो। फेरी वर्तमानमा राजमो दुइवटा भएका छन्–चित्रबहादुर के.सी.नेतृत्वको राजमो र सोही पार्टीबाट कार्यवाही गरिएका कमरेडहरूले खोलेको कृष्णराज पौडेल नेतृत्वको राजमो ।

यी दुइको फरक के होला ? एउटा सरकार सञ्चालनका लागि गठित पाँचदलीय गठवन्धनको एउटा दल अर्को त्यसका विरुद्ध अन्तरपार्टी सञ्चालनगर्दा मोहनविक्रम सिंहव्दारा अनुशासनको कारवाहीमा परेर, उक्त कार्यका विरुद्ध विद्रोहको झण्डा बोकेको शक्ति। त्यसअर्थमा पाँचदलीय गठवन्धनमा रहेकोलाई सरकारी राजमो भन्दा मसालका कार्यकर्ता यसलाई पूर्वाहाग्राही भयो भनेर पाँच हात उफ्रन्छन् ।

मूल कुरात आधारभूत रूपमा क्रान्तिकारी कम्युनिस्ट हुनका लागि क्रान्तिको मार्गदर्शक सिद्धान्त, विचार र रणनीतिक लक्ष्य तथा उद्येश्यवारे आवश्यक सही कार्यनीति चाहीदो रहेछ भन्ने त स्वयम् मोहनविक्रम सिंहको यति लामो राजनीतिक यात्रामा उहाँबाट सही कार्यनीतिलाई पहिचान गर्न सधै असफल भएको र सोही कार्यनीतिलाई लिएर वारम्वार पार्टीमा विभाजन आएको ऐतिहासिक यथार्थता हो ।

विगतका लागि राजाको वैधानिक वा निरङ्कुश शासनको ठाउँमा लोकतान्त्रिक गणतन्त्र तुलनात्मक रूपले प्रगतिशील व्यवस्था हो र कम्युनिस्टहरू प्रगतिशील व्यवस्थातर्फ अगाडि बढदछन् । तर अहिलेका लागि त्यही भनाइलाई छेपारोले झिक्रो समातेझै अबको कम्युनिस्ट आन्दोलन त्यसमा रोकिएर त्यही नारा फलाकि रहने की यो समग्र संसदीय व्यवस्था, जो दलाल एकाधिकार पुँजीवादको राजनीतिक आधार भएको छ, लाई प्रतिक्रियावादी व्यवस्थाको रूपमा घोषणा गर्दै यसको विकल्प जनगणतान्त्रिक शासन व्यवस्थाको प्राप्तीका लागि आन्दोलनको नेतृत्वगर्ने एकतावद्ध कम्युनिस्ट पार्टीको विकास गर्ने ? वर्तमानको अहम् प्रश्न हो ।

त्यसकारण पाँचदलीय गठवन्धनलाई एउटा प्रतिक्रियावादी गठवन्धन घोषणा गर्दै र समग्र संसदीय व्यवस्थाको विकल्पमा र क्रान्तिकारीले लिने सही कार्यनीतिक जनगणतन्त्रको स्थापना गर्ने खालका कार्यनीतिहरूको चयन अहम् प्रश्न हो ।

तर अहिले पनि नेकपा(मसाल)ले त्यही गल्ती गरिरहेको छ। त्यो भनेको नेपालबाट कम्युनिस्टलाई ध्वस्त पार्ने अमेरिकी साम्राज्यवाद र भारतीय विस्तरावादको खुफीया एजेन्सी रअको ग्रान्डडिजाइनमा पालित पोषित केपीओलीको प्रतिक्रियावादी फासिवादी कम्युनिस्ट विरोधी प्रतिगमनकारी शक्ति नेकपा(एमाले), र अर्को शक्ति नेपाली काँग्रेस, यी दुवै क्रान्तिकारीका लागि प्रतिक्रियावादी राजनीतिक शक्ति हुन, तिनलाई कहिले एक त कहिले अर्कोलाई देशभक्त, वामपन्थी र प्रजातन्त्रवादी देख्ने र उनीहरूको असली रूपलाई जनताको नजरमा ओझेल पारिदिने काम मोहनविक्रम सिंहले गर्दै आउनु भएको छ।

अहिले लामो समयदेखि केपी ओली नेतृत्वको नेकपा(एमाले)लाई र मूलतः केपी ओलीलाई राष्ट्रवादी वामपन्थी भन्दै आएको नेकपा(मसाल) नेतृत्वले अहिले नेकपा(एमाले)लाई प्रतिगमनकारी शक्ति भनेर तत्कालका लागि एउटा सही काम त गर्न पुग्यो तर त्यसलाई अझ ओझेलमा पार्नेगरी नेपालको अर्को कम्युनिस्ट विरोधी प्रतिक्रियावादी शक्ति नेपाली काँग्रेसको नेतृत्वको सरकार संचालनमा गठित पाँचदलीय गठवन्धनमा सहभागि बन्न मात्रै पुगेन नेकपा(मसाल)का महामन्त्री क. मोहनविक्रम सिंहले आफ्ना लेख तथा अन्तरवार्ताहरूमा नेपालको संविधान २०७२, संसदीय व्यवस्था र पाँचदलीय गठवन्धनको वारेमा जसरी यिनीहरूको आवश्यकता र महत्ववारे सकारात्मक पक्षमा व्याख्या र विश्लेषण गरेर नेपाली जनता र आफनै कार्यकर्ताका विचमा ल्याइरहनु भएको छ, त्यसले क्रान्तिलाई नभई तिनै प्रतिक्रियावादी र प्रतिगानकारी राजनीतिक शक्तिहरूलाई नै मदत पुग्ने काम भएको छ ।

एउटा क्रान्तिकारी कम्युनिस्टका लागि पाँचदलीय गठवन्धन क्रान्ति विरोधी र कम्युनिस्ट विरोधी गठवन्धन नै हो। र उक्त गठवन्धनमा मालेमालाई क्रान्तिको मार्गदर्शक सिद्धान्त, विचार र रणनीतिक लक्ष्य तथा उद्येश्य राख्ने नेकपा(मसाल) किन र केका लागि संसदीय व्यवस्थाको लागि गरिने नर्विाचनलाई कार्यनीतिक सवाल भन्ने तर व्यवहारमा त्यसलाई रणनीतिक बनाउने र पाँचदलीय गठवन्धनमा सहभागि भएको छ, त्यसवारे उहाँकै पार्टीभित्र बहस चलाउन खोज्ने फरक मतका पार्टी सदस्यहरूमाथि कारवाही गरेर पार्टीलाई विभाजन गरेर भए पनि संसदीय व्यवस्था र वर्तमान पाँचदलीय गठवन्धनलाई महत्वदिनु यो आफैमा क्रान्तिकारी काम नभई प्रतिगमनकारी काम हो ।

यही दृष्टिकोणमा क्रान्तिकारीहरूले नेकपा(मसाल) र राजमोको विभाजनलाई यही रूपमा लिनु पर्दछ र आगामि नीर्वाचनमा कति सिट कसरी ल्याउने भनेर होइन, संसदीय भाषमा रुमल्लिएको र अझै रुमल्लिन खोज्ने नेतृत्वको सोंचका विरुद्ध नेकपा(मसाल)भित्रका क्रान्तिकारीले पार्टीलाई एकगठ बनाएर क. मोहनविक्रम सिंहको गलत कार्यनीतिलाई नयाँ दिशा दिनतर्फ जोड दिनु आवश्यक छ ।

एमसीसी खारेजको लागि संघर्ष गर्ने तर त्यसैका लागि दृढ वर्तमान सरकारका प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकार संचालनका लागि गठित पाँच दलीय गठवन्धनमा भने टासिरहने ? यो द्धैध मानसिकताबाट नेकपा(मसाल) तत्काल बाहिर आउनुको विकल्प छैन। संसदीय व्यवस्थाप्रतिको मोह क्रान्तिका लागि उचित होइन ।

राजाको पुनरागमनको दुहाइ दिएर संसदीय व्यवस्थालाई अब पनि दृघकालका लागि संस्थागत गर्ने सोंच अग्रगमन होइन प्रतिगमन नै हो। विगतमा नेकपा(एमाले) र वर्तमानमा नेकाँको नेतृत्वको सरकार, दुवैमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद दुवैको नेपालमाथिको हैकम र दवाव झन झन मजबुत बन्दै छ, त्यसलाई तोडने खालको कार्यनीतिको विकास कम्युनिस्ट क्रान्तिकारीका लागि अति आवश्यक छ।

क. मोहनविक्रम सिंहको यस्तो गलत कार्यनीतिलाई अंगालेर अवको क्रान्तिको जिम्मेवारी पुरा गर्ने र नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद र साम्यवाद प्राप्त गर्न आवश्यक क्रान्तिकारीहरूको एकताको विकल्प छैन, तर यसका लागि नेकपा(मसाल) आफ्नो संसदीय व्यवस्थातर्फको उसको प्रतिगमनतर्फको दिशा बदल्न आवश्यक छ तर यदी नेतृत्व पाँच दलीय गठवन्धनमै टासिदै गए त्यसभित्रका क्रान्तिकारीहरूको विद्रोहको विकल्प छैन। *hukumsingh2012@yahoo.com*

## एमसीसीबारे...

पनि त्यसैगरी आएको भए कुनै आपत्ती जनाउनु पर्ने विषय थिएन। तर जब यो परियोजना नेपालको सार्वभौम संसदबाट पारित गरेर ऐनको रूप दिएर लागू गर्ने शर्त सहित नेपालमा आयो तव यो विवादको विषय बनेको हो ।

किन एमसीसीलाई संसदबाट पारित गर्ने शर्त अमेरिकाले तेर्सायो त ? प्रश्न यहिँनेर गम्भीर छ र यसबारे आम जनतालाई स्पष्ट पार्न जरुरी छ। अमेरिकाले विश्वका धेरै विकासोन्मुख मुलकहरूमा आर्थिक सहायता दिँदै आएको छ। अमेरिका मात्रै नभएर संसारका अरू थुप्रै विकसित मुलुकहरूले पनि नेपालजस्ता गरिब मुलुकहरूलाई आर्थिक सहायता दिँदै आएका छन् । अमेरिकाले गरिब मुलुकहरूलाई जतिसुकै आर्थिक सहायता दिए पनि उसको अनुकूल स्वार्थ पूरा हुने नदेखिएपछि उसले आर्थिक सहायता दिने रणनीति परिवर्तन गऱ्यो। अमेरिकाको रक्षा मन्त्रालयले आफ्नो देशका लागि आगामी हजार बर्षका चुनौतीहरू के छन् त भन्ने विषयमा अनुसन्धान गर्ने यो 'मिलिनियम च्यालेञ्ज कर्पोरेसन' नाम दिएर एउटा परियोजना तयार पाऱ्यो। त्यस परियोजनाअन्तर्गत उसले अबका चुनौती एशिया महादेशबाट हुने तथ्य प्रक्षेपण गऱ्यो। त्यो पनि उदाउँदै गरेको नयाँ विश्व महाशक्ति बन्न खोजेको चीन र त्यसपछिको दोस्रो राष्ट्र भारतलाई निश्चित गऱ्यो। भारत त आन्नो कठपुतलीका रूपमा रहने भएकाले उसलाई आफ्नो साझेदार बनाउन सहजै छ तर चीन उसको सबैभन्दा खतराको रूपमा उसले चित्रित गरेको राष्ट्र हो। त्यसैले अमेरिकाले चीन बाहेकका एशियाका मुलुकहरूलाई युरोपियन मुलुकहरूसँग 'नाटो' सैन्य गठबन्धन गरेजस्तै 'एशिया प्यासिफिक सैन रणनीति'मा सामेल गर्ने योजना बनायो। आजको उच्च चेतानामा पुगेका जनताले अमेरिकाको यो परियोजना सहजै स्वीकार गर्न सक्तैनन् भन्ने बुझेको अमेरिकी सत्ताले विकासे परियोजना मार्फत् आफ्नो पकडमा ल्याउने रणनीति अघि सारेको हो। किनकि गरिब मुलकहरूलाई आर्थिक सहायताको ललिपप देखाएपछि लोभिन्छन् भन्ने कुरा उसले राम्रोसँग बुझेको छ। 'भोको भन्छ डाँडा वारी खाउँ, अघाएको भन्छ डाँडा पारी खाउँ' भनेजस्तै नेपालका संसदवादी सबै शासकदलका भ्रष्ट नेताहरू, ब्युक्रेसीमा रहेका उच्च पदस्त भ्रष्ट प्रशासकहरू, कथित् अर्थविदहरूलाई यति धेरै रकम आयो भने कुनै न कुनै रूपमा त्यसको तर मार्न पाइन्छ भन्ने राम्रोसँग जानकारी छ। त्यसैले उनीहरू यो अमेरिकी ललिपपबाट लोभिएर ऱ्याल काडेका छन् र यसका विरोधी जनतालाई बेबकुफ भनेर भनिरहेका छन् ।

यो एमसीसी परियोजना अमेरिकी सरकारको रक्षा मन्त्रालयले हेर्छ। उसले चीन बाहेकका एसियन मुलुकहरूमा विकासे परियोजना मार्फत् सैन्य साझेदारका रूपमा सङ्लग्न गर्न खोजेको छ। उसले यो पनि बुझेको छ कि यो परियोजना लागू भएको बेलादेखि नै सैन्य योजना ल्याउनु हुँदैन। किनकि त्यसको तुरुन्तै विरोध हुन्छ र आफ्नो दीर्घकालिन योजना असफल हुन्छ। त्यसैले जुन देशमा यो परियोजना लागू हुन्छ त्यहाँको संसदबाटै पारित गराएर यसलाई कानूनको रूप दिएपछि अन्तर्राष्ट्रिय कानूनको डण्डा लगाएर त्यो देशलाई आफ्नो मातहतमा राख्नका लागि संसदबाट पास गराउनु पर्ने शर्त अघि सारेको हो ।

सडकमा बहस भएजस्तो यो एमसीसी परियोजना लागु हुने वित्तकै नेपालमा अमेरिकी सेना आउने चाहिँ होइन नै। त्यो प्रष्ट छ। तर यसका जुन शर्तहरू छन् त्यस मार्फत् क्रमशः पाँच दश वर्ष पछि परियोजनाको सुरक्षाका नाममा नेपालमा सुरक्षकर्मी भित्र्याउने कुरा घाम जत्तिकै छर्लङ्ग छ। यसका शर्तहरू निकै घातक मात्रै होइन देश नै अनन्तकालसम्म द्वन्द्वको चेपेटामा पर्ने खालका रहेका छन्। त्यसैले विकासकै नाममा आएको भए पनि यो रकम संसदबाट पारित गरेर लागू गर्नु हुँदैन भनेर आज देशका सच्चा वामपन्थी, क्रान्तिकारी र देशभक्त शक्तिहरूले विरोधमा दिनहुँ सडकमा आउनु परेको हो ।

एमसीसीकै विषयलाई लिएर विश्वका दुई शक्तिशाली राष्ट्र अमेरिका र चीनको वाकयुद्ध सुरु भइसकेको छ। नेपाल स्थित अमेरिकी राजदूत र चीनका विदेश मन्त्रालयबाट आएका छुट्टाछुट्टै वक्तव्यका कारण यो विषय अन्तर्राष्ट्रिय मुद्दा बनिसक्यो। नेपाल त पुरै दुई ध्रुवमा विभाजित भएको छ। नेपालमा एमसीसी लागु गर्ने नगर्ने भन्ने सवाल अब नेपालको सँसदमा मात्र सीमित रहेन। दुई शक्तिशाली देशको प्रतिष्ठासँग पनि जोडिन पुगेको छ। यसले एमसीसी कुनै सामान्य स्वार्थमा मात्र नेपाल आएको र ल्याइएको होइन भन्ने सङ्केत देखाएको छ। यहाँ कतिपयले एमसीसी केही होइन भनेर नेपाली जनतालाई भ्रममा पार्दै आएका छन्। एमसीसी पक्षधर दलालहरू निकै सक्रिय रहँदै आएका त थिए तर अस्तिको चीन र अमेरिकाको वक्तव्यले उनीहरूको मालिक नै मैदानमा उत्रिन थालेपछि यो परियोजना नेपालका निम्ति जहर हो भन्ने प्रष्ट भएको छ ।

नेपालका लागि अमेरिकी राजदूत ऱ्याण्डी बेरीले 'एमसीसीको विषयमा हिंसा भड्काउने विचार स्वीकार्य हुँदैन' भन्नु र अर्कोतर्फ चिनियाँ परराष्ट्र प्रवक्ता वाङ्वन पिनले 'अमेरिकाले नेपालसँगको सहकार्यको नाममा धम्कीपूणर् कुटनीतिक सुरु गरेको छ। यसको चीनले प्रतिरोध गर्नेछ' भन्नुले यी अभिव्यक्तिहरूको आँकलन गरौं त ? यी अभिव्यक्तिले नेपालको विकाससँग सम्बन्ध राख्छ या उनीहरूको स्वार्थसँग सम्बन्ध राख्छ ? एमसीसीको वास्तविक स्वार्थ के हो ? अब त प्रष्ट भएन र ?

यसबाहेक दुवै पक्षले एमसीसीले नेपालमा निम्त्याएको वर्तमान अवस्थाको बारेमा निकै नजिकबाट निगरानी गरिरहेका छन्। आज नेपाल दुवै देशको खेलमैदान बन्दै गरेको छ। उनीहरूको यो लडाइँमा नेपाल र नेपालीहरू परेका छौं। आखिर यस्तो अवस्था किन भइरहेको छ र यो अवस्था निम्त्याउने को हुन् ? कसले बोलायो एमसीसी। यो विषय पनि अन्जानको विषय छैन। प्रष्ट भएको छ। नेपाली काङ्ग्रेस २००७ सालदेखिकै दलाल र राष्ट्रघाती पार्टी हुँदै हो। २०५२ देखि एमाले पनि राष्ट्रिघाती दलका रूपमा बदलिएकै हो। आज माओवादी केन्द्र पनि नयाँ दलालका रूपमा परिणत हुँदैछ। उसले यो एमसीसी परियोजनाका विषयमा दोधारे ब्यवहार देखाएको छ। कथित संसोधन गरेर संसदबाट पारित गर्ने नाममा उसले भित्रभित्रै सहमती जनाएर साम्राज्यवाद सामू घुँडा टेकिसकेको छ। प्रचण्डले सरकारकारसँग साझेदारी पत्र लेख्नुको असलियत त्यही हो कि उनी बाहिर जनता र आफ्ना कार्यकर्ताका बिचमा विरोध गरेजस्तो देखाएर भ्रम छर्ने र उता साम्राज्यवादका सामू घुँडा टेकेर लम्पसार पर्ने दोधारे चरित्र देखाइरहेका छन्। आजै पनि उनको पार्टीका केही भातृ सङ्गठनहरूले विरोध गर्दै सडकमा आउने योजना गर्नु पनि कार्यकर्ताहरूको सच्चा विरोध हो कि प्रचण्डको ढोंगी चरित्र हो भन्ने कुरा संसदमा उनले खेल्ने भूमिकाबाट प्रष्टै हुनेछ। पाहुना भगाउन हानेजस्तो र रोएजस्तो गरेको कुरा पाहुना पनि भागेजस्तो गरेपछि प्रष्टै हुने छ ।

अब काङ्ग्रेसले सत्ता गठबन्धन तोडिए पनि तोडियोस् संसदमा टेबुल गरेरै छाड्ने भन्नु, एमालेले पहिला गठबन्धन तोड हामीले एमसीसीमा सहयोग गर्छौं भनेर देउवालाई आश्वस्त पार्नु र प्रचण्ड-माधव मण्डलीले गठबन्धन पनि जोगाउने एमसीसी पनि अनुमोदन नहुने बिचको बाटो खोज्ने नाममा गरिने हर्कत्ले कुरा प्रष्टै छ कि यो जसरी पनि पास हुने स्थिति देखा पर्दै गएको छ। यदि आज संसदमा पेस भयो वा १६ गते भित्र कुनै पनि दिन संसदमा यो पेस भयो भने नेकपा एस र माओवादी केन्द्रले संसोधन नभए भोट आल्दैनौ भनेर बहिष्कार गर्ने अनि काङ्ग्रेस, एमाले र बाबुरामको दलले समर्थन गरेर पास गर्ने बलियो सम्भावना छ। यस बारेमा प्रचण्डले देउवा र एमालेलाई केही दिन पहिला नै यस प्रकारको सङ्केत दिइसकेका छन्।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# प्रहरी दमनका विरुद्ध क्रान्तिकारी महिलाहरूको साहसिक र गर्विलो प्रतिरोध



● विनोद सहयात्री ●

नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नेकपा (विप्लव), नेकपा (ऋषि कट्टेल), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपाल र नेकपा माओवादी केन्द्र (समाजवादी) को संयुक्त आयोजनामा घोषित बन्द सफल बनाउन विहान ४-५ बजेदेखि नै नेकपा (क्रान्तिकारी माओवादी)का नेता कार्यकर्ताहरू उपत्यकाका ८ वटा आर्कमा परिचालित भए ।

कोटेश्वरमा कमरेड दिनेश शर्मा, लगनखेलमा पवनमान श्रेष्ठ, रत्नपार्कमा सुरेश श्रेष्ठ, कलंकीमा शारदा महत, चावहिलमा इश्वर तिमिल्सिना, कुपण्डोलमा कृष्णभक्त महर्जन, गोङ्गबुमा हरिकृष्ण गजुरेल, सुर्यविनायकमा सोमान तामाङले आर्कको कमाण्ड सम्हालेका थिए । कोटेश्वर, चावहिल र कलंकीमा बन्दको अवज्ञा गर्ने केही सवारी साधनमाथि कारबाही पनि भयो । सोही क्रममा लगनखेलबाट पवनमान श्रेष्ठ, ललितपुरका सेक्रेटरी श्याम केसी, कोटेश्वरबाट मंगल तामाङलगायत आधा दर्जन पक्राउ पर्नुभयो ।

राष्ट्रघाती एमसीसी सम्झौता टेवल गर्ने तयारीमा थियो -देउवा सरकार । त्यसको सशक्त प्रतिरोधका लागि संसद भवन नयाँ बानेश्वर वरिपरि विरोध प्रदर्शनको योजना बन्यो । र, सबै आर्कबाट माइतीघर मण्डलामा जनशक्ति केन्द्रित गरियो । सबै आर्कका कमाण्डरहरू माइतीघरमा जम्मा भए । एमसीसी चाहिदैन, देश बेच्न पाइदैन, दलालहरू होशियार, अमेरिकी साम्राज्यवाद मुर्दावाद, देशको स्वाधीनताको रक्षा गरौं भन्दै नाराजुलुस सुरु भयो ।

माइतीघरमा जनपद र सशक्त प्रहरीको उल्लेख्य उपस्थिति थियो । नारा जुलुसमाथि माइतीघरमै अवरोध सिर्जना गर्न प्रहरीले पटक पटक कोशिस गऱ्यो तर देशभक्त क्रान्तिकारीहरू प्रहरी घेरा तोड्दै संसद भवन नयाँ बानेश्वरतर्फ अगाडि बढे । बीचमा पटक पटक प्रहरीले रोक्न कोशिस गऱ्यो । घेरापछि घेरा हाल्यो तर क्रान्तिकारीहरूको प्रतिरोधका अगाडि प्रहरी पनि पछि हट्दै गयो । करिब आधा दर्जन पटक प्रहरी घेरा तोड्दै क्रान्तिकारीहरू बिजुलीबजारको पुल पार गर्ने क्रममा थिए । प्रहरीहरूले लाठीचार्ज सुरु गऱ्यो । पटक पटक झडप भयो । पुरुष प्रहरीहरूले क्रान्तिकारी महिलाहरूमाथि लछारपछार पार्दै लाठी चार्ज सुरु गऱ्यो, जसको कडा प्रतिरोधमा उत्रिए क्रान्तिकारी महिलाहरू । महिला नेतृ शारदा महत, रिना गेलाल, सुनिता बुढाथोकी र विद्यार्थी नेतृ शिलु न्यौपानेले आफूमाथि प्रहार भएको प्रहरीको लाठी खोस्नुभयो । प्रहरी पछि हट्यो । क्रान्तिकारीहरू पुनः अघि बढ्न खोजे । प्रहरीले संख्या थप गऱ्यो । त्यसपछि नारा जुलससहित क्रान्तिकारी माओवादीहरू पुनः माइतीघर पुगे । करिब १२ बज्न लागिसकेको थियो । सडकमै दालमोठ र चिउरा खाएर भोक मेटाए । र, पुनः नारा जुलुससहित देशभक्त क्रान्तिकारीहरू संसद भवनतर्फ अघि बढे । यसपटक माइतीघर मण्डलामा थप सुरक्षाकर्मी उतारिएको थियो । र, प्रदर्शनकारीहरूका विरुद्ध घेरा कसिलो पारिएको थियो । तर प्रतिरोधपूर्ण मार्चपासका अगाडि प्रहरी पछि हट्न बाध्य भयो । ठाउँ ठाउँमा छेक्ने प्रयास गरे पनि प्रहरी असफल भयो । तर यसअघि जस्तै बिजुलीबजार पुलमा पुगेपछि प्रहरी क्रूर दमनमा उत्रियो ।

अन्धाधुन्ध बुट र लाठी प्रहार भयो । लछारपछार र त्यसको प्रतिरोधमा केही समय त्यो क्षेत्र युद्धस्थलजस्तै भयो । प्रहरीले टोउकोमा लाठी प्रहार गर्दा नेकपा (क्रान्तिकारी माओवादी)का प्रदेश ३ का सेक्रेटरी समेत रहेका पीवीएम सुरेश श्रेष्ठ र निर्गनविन जैशी बेहोस भएर ढल्नुभयो । त्यही अवस्थामा प्रहरीले उहाँसहित पार्टी पीवीएम दिनेश शर्मा सागर, केन्द्रीय नेताहरू दिपक शाही, फुर्नाम्गेलमोक्तान, शारदामहत, हरिकृष्ण गजुरेल, कृष्णभक्त महर्जनलगायत ४ दर्जनबढी नेता कार्यकर्तालाई गिरफ्तार गरेर प्रदर्शनी मार्गस्थित महेन्द्र पुलिस क्लवमा पुऱ्यायो । घाइते जैसीलाई भने सिभिल अस्पतालमा भर्ना गरियो । अवस्था गम्भिर भएपछि प्रहरी हिरासतमै घाइते सुरेश श्रेष्ठलाई ट्रमा सेन्टर पुऱ्याइयो । अवस्था खतरामुक्त रहेको चिकित्सकले बताएपछि उहाँलाई पुनः महेन्द्र पुलिस क्लवमा ल्याएर साँझ मात्र गिरफ्तार अन्य नेता कार्यकर्ताहरूसँगै छाडियो । रिहा भएपछिको कार्यक्रमलाई संक्षिप्त सम्बोधन गर्दै क्रान्तिकारी माओवादी पीवीएम दिनेश शर्मा सागरले एमसीसी खारेज नहुन्जेलसम्म देशभक्त क्रान्तिकारीहरूले अझ ठूलो, अझ सशक्त र प्रतिरोधपूर्ण संघर्ष जारी राख्ने बताउनु भयो । र, बन्द र आन्दोलनको क्रममा घाइते हुनुभएका सबै कमरेडहरूको शिघ्र र पूर्ण स्वास्थ्यलाभको कामना गर्दै बन्द सफल पार्न प्रत्यक्ष परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सबैलाई धन्यवाद दिनुभयो ।

क्रान्तिकारी माओवादीसहित ५ पार्टी र एक मोर्चाको संयुक्त आयोजनामा आव्हान गरिएको नेपाल बन्दमा काठमाडौ उपत्यका र बाहिर जिल्लाहरूमा समेत क्रान्तिकारी माओवादीको नेतृत्वदायी भूमिका देखिएको छ । ठाउँ ठाउँमा प्रतिरोधपूर्ण संघर्षहरू भएका छन् । सो क्रममा थुप्रै नेता कार्यकर्ताहरू घाइते भएका छन् । सयौं गिरफ्तारमा परेका छन् । नेपाल बन्द घोषणाको वक्तव्य जारी गर्दा भनेजस्तै नेपाल बन्दलाई शक्तिशाली र जुझारु बनाउन नेकपा (क्रान्तिकारी माओवादी)का नेता कार्यकर्ताहरूले खेलेको भूमिका साँच्चै साहसिक, गर्विलो र ऐतिहासिक छ ।

साथमा अन्य बन्दका आयोजक घटक पार्टीहरूका नेता कार्यकर्ताहरूले खेलेको भूमिकालाई पनि कम आँक्न मिल्दैन । त्यसैगरी सत्तारुढ नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी)का युवा र विध्यार्थीहरूले नयाँ बानेश्वर चोकमा गरेको प्रदर्शन पनि प्रतिरोधी नै थियो ।

त्यसैगरी मजदुर किसान पार्टी, अन्य साना राजनीतिक संगठनहरूको समेत एमसीसी विरोधी कार्यक्रम पनि उल्लेखनीय नै थिए ।

समग्रमा भन्ने हो भने काठमाडौं उपत्यका लगायत देशैभरको एमसीसी विरोधी प्रदर्शनले राष्ट्रिय स्वाधीनताको पक्षमा एउटा वृहत आन्दोलनको सम्भावनालाई स्पष्ट रूपमा देखाएको छ । देशको स्वाधीनता बचाउन भनेर सडकमा उत्रिएका सबै राजनीतिक पार्टी, समूह तथा संगठन र व्यक्तिहरूको वृहत आन्दोलन संगठित गर्न सकियो भने अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको नेपाली भूमिमाथिको हस्तक्षेप र अतिक्रमणलाई सँधाका लागि अन्त्य गर्न सकिन्छ । सच्चा देशभक्त तथा क्रान्तिकारीहरूले नेतृत्वदायी पहल लिन जरुरी छ । 'गर्ने भन्ने हनुमान पगरी गुथ्ने ढेडु' हुनेप्रति क्रान्तिकारीहरू सचेत रहन जरुरी छ ।

## ❑ यो साताको कविता

### जनवादी गणतन्त्र आउछ–आँउछ



❑ मुसाफिर बाबु ❑

*आजसम्म जति खेले*
*जनताको रगतमा,*
*लुट्न सम्म लुटे श्रम*
*जनताको फगतमा ।*
*पूर्खा देखि लुट्दै आए*
*बाबु बाजेको श्रमहरू,*
*अव पनि सह्यौं भने*
*पुस्तौं सम्म लुट्छन अरु ॥*

*जनताको जनयुध्दले*
*राजतन्त्र ढलेको छ,*
*सामन्तवाद जिउँदै हुदाँ,*
*देशमा आगो बलेको छ ।*
*गणतन्त्र नयाँ नेपाल,*
*हल्ला भने चलेको छ,*
*भूतहरूको नेतृत्व छ,*
*राज्ययन्त्र पुरानै छ ।*

*समस्या ज्यूँ का त्युँ छन्,*
*गणतन्त्र भने पनि,*
*बहुमत जनमत पाखा फाली*
*अल्पमत आए अनि*
*धर्ती सबै ओगटेर,*
*श्रमजिवी पाखा पार्नेहरू*
*जनताको पसिनामा*
*आकाशमा उडनेहरू !*
*जनताको रगतमा*
*खेल्ने सत्ता फाल्नु पर्छ,*
*जनताको नयाँ सत्ता*
*जनवाद ल्याउनु पर्छ ।*

*जवसम्म आउदैन*
*जनवाद यो देशमा,*
*तवसम्म जारी रहन्छ*
*जनसंघर्ष यो देशमा ।*
*गणतन्त्र को खोल ओडी,*
*जनता ठग्न पाइदैन्*
*जनमत विरोधी दलहरू*
*अव देशमा चांहिदैन ।*
*जनताको रगत पसिना,*
*एकदिन फिर्ता लिइ छाडछौं,*
*संघर्ष हाम्रो जारी छ,*
*सामन्तबाद ढाल्छौं-ढाल्छौ ।*

*जनवादी गणतन्त्र,*
*यो देशमा जव आउछ,*
*जनता घर घरमा*
*खुशियाली लहर छाउँछ ।*
*न्याय, अर्थ समान, पूर्ण,*
*जनजिविकाको खाँचो हुन्न ।*
*श्रमको मूल्य- सत्कार हुन्छ,*
*ठूलो सानु भेद हुन्न*
*सम्यशील मानव समान,*
*झगडाको बीउ रहन्न ।*
*सवै बाँचौ सबै हाँसौ,*
*ठूलोसानो भेद रहन्न ।*

*(मुसाफिर बाबु अखिल नेपाल लेखक संघका केन्द्रीय सदस्य हुनुहुन्छ )*

# वीरबहादुर कामी कमरेड संसारसेन पृथकलाई सम्झिदा

❑ प्रेम थापा

जाजरकोटको लहँ गाविस अन्तर्गत थाप्ला ग्राग्लीमा वि.सं. २०३५ सालमा जन्मीनु भएका कमरेड संसारसेन पृथक सानै उमेरदेखि विद्रोही स्वभावका हुनुहुन्थ्यो भन्ने कुरा उहाँको परिवारबाट बुझेको छु र उहाँ अन्यायका विरुद्धमा जहिले पनि अगाडि उभिने एउटा क्रान्तिकारी योद्धा हुनुहुन्थ्यो । देशमा भइरहेको अन्यायका विरुद्धमा नेकपा माओवादीले २०५२ साल फगुन १ देखि सञ्चालन गरेको अत्याचारको वर्गीय मुक्ति युद्धमा कमरेड संसारसेन पृथक विद्यार्थी हुँदै विभिन्न जिम्मेवारी सम्हाल्दै जनमुक्ति सेनाको बटालिनयत सह-कमाण्डरको जिम्मेवारीमा हुनुहुन्थ्यो । जनमुक्ति सेना हुँदा उहाँले लडेका ठूलाठूला लडाईका मोर्चाहरूमा विजय प्राप्त गर्दै अगाडि बढेको इतिहास साक्षी छ । त्यसै क्रममा पार्टीमा देखा परेको वैचारिक बिचलन र त्यसमा परेका प्रचण्ड र बाबुरामले क्रान्तिकारी पार्टी र क्रान्तिकारी योद्धाहरूलाई धोका दिँदै युद्धलाई विर्सजन गरेका थिए । यो कुरा कमरेड संसारसेन पृथकलाई चित्त बुझेको थिएन र क्याम्पिङ भएका जनमुक्ति सेनामा ठूलो विद्रोह भएको थियो । त्यो विद्रोहको नेतृत्व गर्दै कमरेड संसारसेनले विद्रोहको लाइनलाई निरन्तर पकडी रहनु भयो । सेना समायोजनमा पनि भाग लिनु भएन र अवकाश रोज्नु भयो । अवकाशपछि पनि निरन्तर बहस छलफल र आफ्ना लेख, कविता तथा गीतमार्फत् क्रान्तिकारी आवाज बुलन्द गर्दै हुनुहुन्थ्यो । क्रान्तिकारीहरूलाई अनेकौं बाधा व्यवधानहरू आइरहन्छन् तर संसारसेन कहिल्यै पनि नडगमगाई आफूमा आएको जिम्मेवारीलाई पूरा गर्न कहिल्यै पछाडि पर्नुभएन । पारिवारिक, आर्थिक समस्या भएका कारण उहाँले विदेशिनु परे पनि विदेशमा रहँदा पनि नेपाल र नेपाली सर्वहारा वर्गको मुक्तिका निम्ति सँधै क्रान्तिकारी बिचार प्रवाह गरिरहनु हुन्थ्यो । मसँग कुरा हुँदा केही व्यक्तिगत समस्याका कारण विदेश आउनु परेर पार्टी राजनीतिबाट टाढा भए पनि म कहिल्यै पनि क्रान्तिबाट टाढा छैन र हुँदैन साथै म आएर फेरी पनि वर्गीय मुक्ति युद्धमा सामेल हुनेछु भन्नुहुन्थ्यो ।



जाजरकोट र रुकुमको सीमानाको गाउँ सोतीमा भएको घटनाले उहाँलाई धेरै पीडित बनाएको थियो । किनभने आफ्नो जिल्ला र आफ्नै क्षेत्र भएका कारण पनि उहाँलाई धेरै पिडा भएको हो । त्यसैमाथि दलित युवाहरूको नरसंहार भएको बाँचेका युवाहरूले पनि कमरेड संसारसेनलाई खोजेको आफू पनि भौतिक रूपमा त्यहाँ नभएको पिडा व्यक्त गर्नुहुन्थ्यो । उहाँले मसँग मेसेन्जरमा कुरा गर्दा त्यस घटनाका अपराधीहरूलाई जसरी पनि सजाय दिनुपर्छ भन्नु भएको थियो । बिडम्बना त्यसको भोलिपल्ट दुःखत घटना सुन्नु पऱ्यो । मलाई पनि यो कुरा सुन्दा धेरै दुःखी भएँ र अब उहाँलाई सम्झिने उहाँले गरेका काम समाजमा छोडेर गएका क्रान्तिकारी बिचारमा हामी निरन्तर अगाडि बढ्नु पर्छ त्यही नै उहाँप्रति साँचो सम्मान हुनेछ ।

उहाँको र मेरो भेट बाँके आएपछि भएको थियो । उहाँको सानो काठको घुम्ती पसल थियो । म समय मिलाएर त्यो उहाँको घुम्तीमा जाने गर्थें । भेटमा परिवर्तनका कुरा विभेदका कुरा, वर्गीय कुरा र सर्वहारा वर्गको मुक्तिका लागि कसरी अगाडि बढ्ने भन्नेमा छलफल भइरहन्थ्यो । यसले गर्दा हाम्रो सामिप्यता बढेको थियो । त्यसैले प्रायः भेटघाट भइरहने गर्दथ्यो । बिचारबाट लाल र सङ्घर्षबाट निपुण एक योद्धासँग भेट्न र कुराकानी गर्न असाध्यै मन लाग्ने गर्दथ्यो । वर्गीय मायाले होला आज पनि संसारसेन आँखा वरिपरि आउनुहुन्छ । उहाँको जीवनसाथी कमरेड प्रतिज्ञा बहिनीसँग भेट हुँदा त झन् उहाँको अनुहारमा छछल्किने मालेमावादप्रतिको चोखा निष्ठा सहित कुरा गरेको अनुहार आँखामै आउँछ । उहाँको निधनले मलाई असाध्यै मर्माहित बनाएको छ । उहाँको निधनपश्चात् उहाँको जीवनसाथी प्रतिज्ञाको वेदनालाई कम गर्नका लागि हामीहरू प्रायः सबै कामकाजहरूमा खटेर सहयोग गर्नुपर्छ । कमरेड प्रतिज्ञाको जीवनमा अकस्मात परेको पिडालाई पूर्णरूपमा निको पार्न त नसकिएला तर कम गर्ने प्रयत्न गर्नुपर्छ भन्ने ध्ययका साथ हामी सबै कमरेडहरू उहाँको सब नआन्जेल खटिरह्यौं । ठिक एक महिनाको अन्तरालमा वि.सं २०७७ असार १३ गते बिहान ११ बजे सववाहन गाडीमा कमरेड संसारको मृत शरीर बन्द बाकसमा उहाँको घरको आँगनमा आईपुग्यो । आँगनभरि उहाँका घरपरिवार, आफन्तजन, शुभचिन्तक र पार्टीका सहयोद्धा कमरेडहरूको घुँइचो थियो । त्यो कोभिडको कठिन परिस्थितिको प्रवाह नगरी उहाँलाई भेट्नेहरूको लाम आज पनि मेरो मानसपटलमा ताजै छ । मानिसको ठूलो उपस्थिति सहित उहाँलाई राप्ती नदीमा लिएर चितामाथि पार्टीको रक्तरञ्जित रातो झण्डा ओढाएर अन्तिम श्रद्धाञ्जली दिइयो । यति मात्र नभई उहाँले उठाएको झण्डालाई कहिल्यै झुक्न नदिने प्रतिवद्धता पनि गरियो । क्रान्तिकारी बिचारमा लामबद्ध हुन र गर्नका लागि उहाँका रचनाहरूले सँधै प्रेरणा दिइरहने छन् । क्रान्तिकारीहरूलाई उहाँको जीवन सङ्घर्षको कथा र उहाँद्वारा रचित रचनाहरूले अविरल लागिरहन प्रेरित गरिरहनेछन् । मालेमावादको आलोकभित्र रहेर वर्गीय मुक्ति आन्दोलनमा लागिरहनु नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ ।

### आफै मात्र रम्यौ..

(शार्दूलविक्रीडित छन्दमा)



❑ घनश्याम शर्मा पौडेल ❑

*तिम्रा सन्तति देख्छु राजकुलका सन्तान झै मस्त छन्*
*तिम्रा श्वेत विशाल शैलसरिका अट्टालिका भव्य छन्*
*हीरा स्वर्ण जडान छन् पलङमा ती कौच झन् भव्य छन्*
*हेलीकप्टर सैर हुन्छ दिनमा रङ्गीन छन् साँझ झन् ।*

*रुघा लाग्न हुँदैन हुन्न रुचिमा कैल्यै कमी आउन*
*निद्रा गड्बडिएर रात्रिसुखमा केही फरक आउन*
*तिम्रै खाँतिर अस्पतालहरूमा भीआइपि शय्या सधैँ*
*छन् तैयार तथापि राष्ट्र ढुकुटी लूटेर खान्छौ अझै ।*

*शिक्षाको छ खुलम्खुला मुलुकमा व्यापार देशैभरि*
*त्यस्ले सक्दछ पढ्न द्रव्य जसले खर्चन्छ पानी सरी*
*शिक्षा स्वास्थ्य यहाँ गरीबजनले आँक्नै नसक्ने भयो*
*तिम्लाई छ समाजवाद जनता कङ्गाल बन्दै गयो ।*

*अर्काका ऋणले थिच्यो मुलुक यो उठ्नै नसक्ने भयो*
*देशै टाट भयो र गौरव गयो भूभाग गुम्दै गयो*
*आफै मात्र रम्यौ शहीद सपना पोलेर खाँदै गयौ*
*सत्तास्वार्थ र लोभ भ्रष्टमतिले सर्वाङ्गिनाङ्गै भयौ ।*

*यौटै फोन पराइको जब सुन्यौ तर्सेर सातो गयो*
*आफ्नाका अघि फोरि धाक छ ठुलो के सुन्नु के देख्नु यो*
*तिम्रा आसन शान शासन सबै हेरी हरेछन् जन*
*खोक्रा भाषण दम्भ रोदनहरू झूटो छ आश्वासन ।*

*मान्छेभित्र जली रहेछ भुसको आगो सरी भैकन*
*ज्वाला दन्कन सक्छ भ्रष्ट अखढा पोलेर सिध्याउन ।*
*२०७८ फागुन २*

# एमसीसीविरुद्धको विभिन्न जिल्ला प्रशासन घेराउ कार्यक्रम शानदार रूपमा सम्पन्न




















काठमाडौं । एमसीसी परियोजना खारेजी विरुद्ध विभिन्न जिल्लाको सिडियो कार्यालयहरू घेराउ कार्यक्रम सानदार रूपमा सम्पन्न भएको जिल्लाबाट प्राप्त समाचारहरूमा जनाइएको छ ।

त्यस्तै एमसीसी परियोजना खारेजी विरुद्धको छ दल र दुई मोर्चाको संयुक्त आयोजनामा जिल्ला प्रशासन कार्यालय चितवन घेराउ कार्यक्रम सम्पन्न भएको छ । एमसीसी खारेजी अभियानका सचिव परशुराम पौडेल अजिवले सञ्चालन गर्नुभएको सभामा नेकपा मसालका जिल्ला प्रवक्ता मेघराज ढकालले बोल्दै यो राष्ट्रघाती सम्झौता कुनै पनि हालतमा संसदबाट पास गर्न नहुने बताए ।

सभालाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य एवम् जिल्ला ईन्चार्ज घननाथ सापकोटा विकासले एमसीसी पास गर्ने धृष्टता संसदीय दलालहरूले गरे जनता दलालहरूको चिहान खन्न बाध्य हुने चेतावनी समेत दिए ।

कार्यक्रममा नेकपाका सेक्रेटरी मिनप्रसाद सापकोटाले प्रहरी दमनमा उत्रिएमा पहिलो निशाना हुने बताउदै एमसीसी संसदबाट पास भए सांसदहरूलाई सामाजिक बहिष्कार गरिने बताए । कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य सन्देश पौडेल, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका सयौं नेता तथा कार्यकर्ताको उपस्थिति रहेको थियो ।

त्यस्तै बागलुङमा पनि एमसीसी विरुद्ध जिप्रका घेराउ कार्यक्रम बागलुङ बजारमा सम्पन्न भएको छ ।

नेकपा (क्रान्तिकारी माओवादी), नेकपा विप्लब पक्ष, नेकपा (मसाल), राष्ट्रिय जनमोर्चा, देशभक्त जनगणतान्त्रिक मोर्चालगायतका राजनैतिक दल र मोर्चाहरूले सो कार्यक्रम आयोजना गरेका थिए ।

कार्यक्रमपूर्व जुलुसले बजार परिक्रमा गर्दै जिल्ला प्रशासन कार्यालय बागलुङमा पुगी विरोधसभामा परिणत भएको थियो ।

सभामा बोल्दै नेकपा (क्रान्तिकारी माओवादी) को तर्फदेखि सम्बोधन गर्दै पूर्णबहादुर गुरुङले यदि नेपाली जनताको विरुद्ध अहित हुने यो सम्झौता लागु गरे उक्त पार्टी र पार्टीका नेतालाई बागलुङ बासी जनताले गाउँ छिर्नसमेत नदिने चेतावनी दिनुभयो ।

राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य एवम् जिल्ला समन्वय समिति बागलुङका प्रमुख राजेन्द्र ढुङ्गानाले हाम्रो जस्तो असंलग्न परराष्ट्र नीति अवलम्बन गर्ने देशले एम.सी.सी. जस्तो परियोजना कुनै पनि हालतमा स्वीकार्य नरहेको बताउनुभएको थियो ।

विप्लब नेतृत्वको नेकपा बागलुङका सदस्य महेन्द्र विकले एमसीसीले देशमा एउटा विद्रोहको स्थिति सृजना गर्ने हुनाले यसलाई खारेज गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

त्यस्तै, नेकपा (मसाल) बागलुङका प्रवक्ता मेकबहादुर पाइजाले देशभन्दा गठबन्धन कुनै पनि हालतमा ठुलो हुन नसक्ने धारणा व्यक्त गर्नुभयो । कार्यक्रमको सञ्चालन अखिल नेपाल युवक सङ्घका महासचिव भीमसेन वनले गर्नुभएको थियो ।

यसैगरी एमसीसी खारेजीको माग गर्दै पश्चिम नवलपरासी सहित देशैभरका जिल्ला प्रशासन कार्यालय घेराउ गरिएको छ ।

सोही क्रममा जिल्लाको सदरमुकाम परासीमा एमसीसीको खारेजीको माग गर्दै जुलुस घेराउ तथा कोणसभा गरिएको छ ।

जिल्लामा क्रियाशिल ३ कम्युनिष्ट पार्टी र दुई मोर्चाको संयुक्त आयोजनामा भएको जुलुस बुद्धचोक हुदै महेशपुरचोकबाट प्रशासन गेटमा पुगेर घेराउ गरिएको थियो ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का जिल्ला सेक्रेटरी छविलाल खरालले एमसीसी खारेजीको बिकल्प नभएको बताउनुभयो ।

उ। देशभक्त जनगणतान्त्रिक मोर्चाका नेता प्रेम रिमालले राष्ट्रवादी शक्तिहरू एकताबद्ध भएर देश जोगाउन अगाडि बढनुपन भन्दै सेना प्रहरी तथा कर्मचारी प्रति आन्दोलनकारीको कुनै बैरभाव नभएको बताउनुभयो ।

विप्लव नेकपामा बिशेष जिल्ला समिति सदस्य गंगा प्रसाद ज्ञवालीले अमेरिकी साम्राज्यावादलाई लखेट्न जस्तो सुकै मुल्य चुकाउन तयार रहेको उल्लेख गर्नुभयो ।

राष्ट्रिय जनमोर्चाका प्रदेश सदस्य तिलक प्रसाद सुवेदीले एमसीसी हिन्द प्रशान्त रणनीतिको अंग रहेकोले खारेज गर्नुपर्ने बताउनुभयो । संसदले टेबल गर्न नहुने एमसीसीलाई टेबल गरेर राष्ट्रघात शुरु भएको बताउनुभयो ।

कार्यक्रममा नेकपा (मसाल)का जिल्ला प्रबक्ता धनपति सापकोटाले युरोनियम जस्तो बहुमुल्य बस्तु र यहाँ पाइने खनिजलाई गिद्धेनजर राखेर एमसीसी ल्याइएको बताउनुभयो । कार्यक्रम नेकपा नेतृ दुर्गा पाण्डे बस्यालको संचालनमा भएको थियो ।

यसैबीच एमसिसीको खारेजीको माग गर्दै संघर्षरत ६ कम्युनिस्ट घटकहरूले आज उदयपुरको जिल्ला प्राशसन कार्यलय घेराउ गरेका छन ।

घेराउ गर्ने क्रममा एमसीसी विरोधी बिभिन्न गगनभेदी नारा लगाउंदै गाईघाट बजार परिक्रमा गरी प्रदर्शनकारीहरू घेराउको लागि जिल्ला प्रशासन कार्यलय पुगेका थिए । जिल्ला प्रशासन कार्यलयमा घेराउ गर्दै कार्यलय अगाडि कोणसभा पनि गरिएको थियो ।

उक्त कोणसभामा नेकपा (क्रान्तिकारी माओवादी) का केस तथा उदयपुर इन्चार्ज मोहन सिङ तामाङ र नेकपा बिप्लवका केस बिबेक कुमालले बोल्नु भएको थियो । उक्त कोणसभामा बोल्दै क्रान्तिकारी माओवादीका मोहन सिङ तामाङ्ले एमसीसी साम्राज्यवादीको षड्यन्त्रमा ल्याई यहाँका दलाल संसदवादीहरूले अनुमोदन गर्न खोजेकोले अब हुने आन्दोलनबाट ती दलालहरू बढारिने ठोकुवा गर्नु भयो । त्यसैगरी नेकपा बिप्लबका बिबेक कुमालले एमसीसी खारेज नभएसम्म आन्दोलन भइरहने बताउँदै अब हुने सशक्त आन्दोलनको लागि जनताले साथ दिनु पर्ने बताउनु भयो ।

त्यसैगरी प्रदेश १ का मोरङ लगायत अधिकांश जिल्लामा पनि विरोध प्रदर्शनसहित जिल्ला प्रशासन घेराउ गरिएको सामाचार प्राप्त भएको छ ।

त्यस्तै हिजो फागुन ८ गते सिन्धुली जिल्ला प्रशासन कार्यालयमा राष्ट्रघाती एमसीसी खारेज गर्न घेराउ कार्यक्रम नेपाल कम्युनिष्ट पार्टी क्रान्तिकारी माओवादी र नेपाल कम्युनिष्ट पार्टी बिप्लव र देशभक्त जनगणतान्त्रिक मोर्चाले संयुक्त कार्यक्रम सम्पन्न गरेको छ ।

कोणसभामा बोल्दै देशभक्त जनगणतान्त्रिक मोर्चाको जिल्ला अध्यक्ष ढक प्रसाद देवकोटाले यो राष्ट्रघाती एमसीसी नेपालबाट खारेज गर्न पर्नेमा राष्ट्रघाती देउवा सरकारले संघीय सदनमा टेवल गरेको छ । खबरदार कुनै पनि हालतमा यो राष्ट्रघाती एमसीसी पारित गर्नु हुदैन । यसलाई फेल गर्न संपूर्ण देशभक्त सांसदहरूलाई अनुरोध गर्नुका साथै राष्ट्रघाती एमसीसी खारेज गर्न जनदवाव सिर्जना गर्ने भीषण संघर्ष अगि बढाउँ भन्नुभयो । अर्को बक्ता नेपाल कम्युनिष्ट पार्टी विप्लवका जिल्ला नेता शशिले संबोधन गर्दै अमेरिकी साम्राज्यवादीले सहयोगको नाममा नेपाली जनतामाथि राष्ट्रघात र जनघात थोपारेकोले यसको खारेजीको बिकल्प छैन । यसको लागि जनदवाव सिर्जना गर्ने भिषण संघर्षको आवश्यकता छ भन्नुभयो ।

त्यसैगरी राष्ट्रघाती एमसीसी परियोजना संसदमा टेबल गर्नु राष्ट्रघाती कदम भएको ठहर गर्दै प्युठानको सदरमुकाम खलङ्गामा विरोध प्रदर्शन र जिल्ला प्रशासन कार्यालय घेराउ सम्पन्न गरिएको छ । त्यस क्रममा जुलुस प्रदर्शनसहित जिल्ला प्रशासन कार्यालय घेराउ गरिएको थियो ।

राष्ट्रघाती एमसीसी विरोधी उक्त कार्यक्रमलाई नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य तथा प्युठान जिल्ला इन्चार्ज टीकाराम पौडेल, राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य तथा प्युठान जिल्ला अध्यक्ष कृष्णबहादुर खड्का,नेकपा(विप्लव नेतृत्व) को नेपाल कम्युनिस्ट पार्टीका नेता सूर्य प्रकाश, र नेकपा (मसाल) जिल्ला प्रवक्ता ज्ञामुराम न्यौपानेले सम्बोधन गर्नुभएको थियो । उक्त विरोधसभाको सञ्चालन राजमो नेता राम पहाडीले गर्नुभएको थियो ।

त्यस्तै राष्ट्रघाती एमसीसी सम्झौताको बिरुद्ध ६ राजनितिक पार्टी र दुई मोर्चाको सङ्युक्त आयोजना र सहभागितामा बिरोध सभा कार्यक्रम ६ नं. प्रदेशको राजधानी बिरेन्द्रनगर सुर्खेत मा मौसमलाई पनि च्यालेन्ज गर्दै सम्पन्न गरिएको छ । सुर्खेतको मङ्गलगढि चोकबाट सुरु गरिएको रयालि बिरेन्द्रचोकमा पुगी कोणसभा गरि सम्पन्न गरिएको छ ।

उक्त कोणसभालाई विभिन्न वक्ताहरूले सम्वोधन गरेका थिए । यसरी सम्वोधन गर्ने बक्ताहरूमा नेकपा (क्रान्तिकारी माओवादी)को तर्फ वाट कर्ण बहादुर विसि र देजमो नेपालको तर्फबाट जिल्ला अध्यक्ष नारायण न्यौपानेले मन्तव्य राख्नु भएको थियो ।

नेकपा (क्रान्तिकारी माओवादी) पार्टीका प्रदेश कमिटिका नेताहरू पुर्ण , करन , विकल्प र नेत्र सहभागी भएको उक्त कार्यक्रममा कर्ण विसिले कविता वाचन गर्नु भयो । कार्यक्रमको अन्तिममा नेकपाको तर्फबाट किस्ण गुरुङले घेराउ कार्यक्रम सफल भएकोमा त्यसवारे आफ्नो मन्तव्य राखि कार्यक्रमको समापन गर्नु भएको थियो ।

कार्यक्रमको सञ्चालन जिल्ला सेक्रेटरी लालब कार्कि ले गर्नु भएको थियो भने नेकपाको तर्फबाट एटमले मन्तव्य राख्नु भयो ।

## एमसीसीविरुद्ध...

(माओवादी केन्द्र)का कार्यकर्ता रोल्पा, सुलिचौरका झकास विक, नेकपा (विप्लव)की कार्यकर्ता सिर्जना शाही र कैलालीका विप्लव निकट विद्यार्थी संगठनका केन्द्रीय सदस्य लोकेश जोशी लगायत घाइते भएका छन् ।

घाइतेमध्ये निर्गनविन जैशीको स्थिति गम्भिर छ । उहाँको सिभिल अस्पतालमा उपचार भइरहेको छ । प्रहरीको लाठी चार्जबाट बेहोस भएका जैसीको अहिलेसम्म होश नआएको र टाउकाको सिटिस्क्यान भएको र रिपार्ट आउन बाँकी रहेको क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य समेत रहनु भएका अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष इश्वर तिमिल्सिनाले जानकारी दिनुभयो । घाइते नेता श्रेष्ठको ट्रमा सेन्टरमा उपचार भइरहेको छ । उहाँको उपचारमा संलग्न डा.ज्ञानेन्द्र शाहका अनुसार उहाँको स्थिति खतरामुक्त रहेको छ ।

अन्य घाइतेहरूमा झकाश विकको फुटेको छ । उहाँको थप उपचारको लागि सिभिलबाट ट्रमा सेन्टर रेफर गरिएको छ । त्यसैगरी घाइते सिर्जना शाहीको पनि टाउकामा नै चोट रहेको छ । उहाँ अर्धचेत अवस्थामा हुनुहुन्छ । शाही र अर्का घाइते जोशीको सिभिलमा नै उपचार भइरहेको छ ।

अस्पताल स्रोतका अनुसार प्रहरीतर्फ प्र.ज.अमर रानामगर, प्र.ह.दिनेश कार्की, प्र.नि. अनिल अधिकारी, प्र.ज.अर्जुन थापा, प्र.ज. मित्र गुरुङ घाइते भएका छन् । उनीहरूको आँखा र टाउकोमा चोट लागेको जनाइएको छ ।

काठमाडौं उपत्यकामा एमसीसीका विरुद्ध अन्य पार्टीहरू माओवादी केन्द्र र एकीकृत समाजवादीका विध्यार्थी र युवा, मजदुर किसान पार्टी लगायतले समेत विरोध प्रदर्शन गरेका थिए ।

विरोध प्रदर्शनको क्रममा नेपाल बन्दका आयोजक पार्टीहरूका नेता तथा नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम दिनेश शर्मा सागर, नेकपा (माओवादी केन्द्र समाजवादी)का अध्यक्ष कर्णजीत बुढाथोकी, क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्यहरू कृष्णभक्त महर्जन, दिपक शाही, फुर्नाम्गेल मोक्तान, हरिकृष्ण गजुरेल, बसन्त बोगटी लगायत पाँच दर्जन बढी नेता कार्यकर्ताहरूलाई गिरफ्तार गरेर प्रदर्शनीमार्गस्थित महेन्द्र पुलिस क्लवमा राखिएको छ भने नयाँ बानेश्वरबाट गिरफ्तार गरिएका अन्यलाई सिंहदरबार प्रहरी परिसरमा राखिएको छ ।

बन्द र विरोध प्रदर्शनकै कारण राष्ट्रघाती एमसीसी आज टेबल गर्नबाट देउवा सरकार पछि हटेको छ । देउवा सरकारले फेरि ६ गते टेबल गर्ने दाबी गरेको छ ।

बन्दको क्रममा उपत्यका बाहिर पनि ठाउँ ठाउँमा धरपकड र घाइते भएको समाचार छ । विस्तृत विवरण भने आउन बाँकी छ ।

## एमसीसीमा...

लागि यो देशको स्वाधीनताभन्दा कांग्रेससँगको सत्ता गठबन्धन प्यारो छ । देशको स्वाधीनतालाई सत्ता र चुनावको जोडघटाउसँग सौदाबाजी गर्ने चरम अवसरवादी राजनीति अँगाल्न पुगेका छन् ।

प्रचण्ड र माधव नेपालहरूलाई प्रष्ट रूपमा थाहा छ कि एमसीसी संसदमा टेवल हुने वित्तिकै यो सजिलै पास हुन्छ । उनीहरूले विपक्षमा मतदान गरे पनि एमसीसी पास हुन्छ भन्ने थाहा हुँदा हुँदै एमसीसी जस्तो राष्ट्रघाती सम्झौता संसदमा टेवल हुन दिनु भनेको अन्ततः एमसीसीकै पक्षमा मतदान गर्नु सरह नै हो । उनीहरूको राष्ट्रिय स्वाधीनताप्रतिको निष्ठा कति कच्चा, बनावटी र नक्कली छ भन्ने कुरा पनि यसबाट स्पष्ट हुन्छ । यस्तो अवसरवादी नीति लिनु भनेको राष्ट्रघातमाथि लालमोहर लगाउनु हो । उनीहरूको यो राजनीतिक लाइनले अन्ततः उनीहरूलाई पनि इतिहासले 'राष्ट्रघाती'कै दर्जामा अभिलेख राख्नेछ ।

एमसीसीको विषयमा बारम्बार अडान फेर्दै आएका माओवादी केन्द्र र एकीकृत समाजवादी नेपालको राजनीतिका सबैभन्दा अवसरवादी नमूनाको रूपमा देखिएका छन् ।

माओवादी केन्द्रको संसदीय दलको बैठकले केही दिनअघि संशोधन बिना एमसीसी संसदमा लैजान नहुने, जबर्जस्ती लगिए माओवादीले सरकार छाड्ने निर्णय गरेको थियो । त्यसअघि पार्टीको सम्पन्न महाधिवेशनले पनि विना संशोधन एमसीसी पास नगर्ने लाइन पारित गरेको थियो । तर विदेशी शक्तिको दबाब र प्रभावमा अनि सत्ता र चुनावी स्वार्थको जोडघटाउका कारण प्रचण्ड र माधव नेपालहरू एमसीसी सम्झौता संसदमा टेबल गर्न सहमत भएका छन् ।

हिन्द प्रशान्त सैन्य रणनीतिको अंग भएको, नेपालको संविधान र कानूनमाथि पार्न खोजिएको, छिमेकी मुलुक चीनलाई घेर्ने र चीनका विरुद्ध नेपाली भूमि प्रयोग गर्ने रणनीतिमा आधारित रहेको भनेर एमसीसी सम्झौता खारेजीका लागि देशव्यापी रूपमा व्यापक आवाज उठिरहेको बेला एमसीसी सम्झौता सरकारले संसदमा पेश गरिहाले पनि संसद अवरुद्ध पारेर टेबल नै हुन नदिने स्थितिको विकास गर्नुपर्नेमा उल्टै टेबल गर्न दिने भनेर पार्टीको बैठकबाटै निर्णय गर्नु भनेको अन्ततः राष्ट्रघातकै मतियार बन्नु हो । किन्तु र परन्तु, कुतर्कको सहारा लिएर आफ्नो प्रतिरक्षा गर्नुको कुनै तुक र अर्थ छैन । अन्ततः उनीहरू पनि देश बेचुवा, दलाल र राष्ट्रघातीको रूपमा इतिहासमा दर्ज हुनेछन् । यो उनीहरूकै लागि महंगो साबित हुनेछ । र, उनीहरूले आफ्नो राजनीतिक जीवनमा ठूलो मूल्य चुकाउनु पर्नेछ ।

## एमसीसी जबर्जस्त..

त्यसैगरी नेकपा (विप्लव)का केन्द्रीय सदस्य मिलनले दलालहरूले एमसीसी पास गरे भने बल्ल लडाइँ सुरु हुने भन्दै एमसीसी पास गरे भने प्रधानमन्त्री देउवाको टाउकाको जनताले फुटबल खेल्ने दिन आउने चेतावनी दिनुभयो ।

राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष समेत रहेकी प्रतिनिधिसभाकी सांसद दुर्गा पौडेलले एमसीसी सम्झौता नेपालको संविधान र कानुनभन्दा माथि पारेर नेपाललाई उपनिवेश बनाउनका लागि संसदबाट पास गर्न लागेको भन्दै एमसीसी सम्झौता संशोधन होइन खारेजै हुनुपर्नेमा जोड दिनुभयो ।

नेकपा (क्रान्तिकारी माओवादी)मा पीवीएम दिनेश शर्मा सागरले एमसीसी पास गरे शासकहरूलाई सडकमा ल्याएर पछार्ने स्तरको आन्दोलन विकसित हुने चेतावनी दिनुभयो । उहाँले देशको स्वाधीनताका विरुद्ध जाने शासकहरूलाई जनताले ठाउँ ठाउँबाट लखेट्ने समेत बताउनु भयो । उहाँले सडक आन्दोलनमा उत्रिएका सत्तारुढ पार्टीका कार्यकर्ताहरूलाई साँच्चै देशको स्वाधीनता चाहेको हो भने आफ्ना माउ पार्टीलाई पनि एमसीसीका विरुद्ध सडकमा ल्याउन दबाब दिन अनुरोध गर्नुभयो ।

नेकपा (मसाल)का प्रवक्ता रामप्रकाश पुरीले एमसीसी कुनै पनि हालतमा खारेज हुनुपर्नेमा जोड दिनुभयो । वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका युवा नेता जागृत रायमाझीले अमेरिका जहाँ जान्छ, त्यो देश बर्बाद पारिदिन्छ भन्दै नेपालमा एमसीसी पास भए मुलुक अनन्त युद्धमा फस्ने चेतावनी दिनुभयो । कार्यक्रममा नेकपा (ऋषि कट्टेल) र नेकपा (माओवादी केन्द्र समाजवादी)का नेताहरूले पनि एमसीसी सम्झौताको राष्ट्रघाती चरित्रको चर्चा गर्दै खारेज नभएसम्म संघर्षलाई थप सशक्त बनाउँदै लैजानुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रमको सञ्चालन रामलाल विकले गर्नुभएको थियो । माइतीघरबाट सुरु भएको विशाल विरोध जुलुस नयाँ बानेश्वरमा पुगेर विरोधसभामा परिणत भएको थियो ।

## देशभक्त...

फासीवादी दमनको घोर निन्दा तथा भर्त्सना गर्दछ र घाइतेहरूको अविलम्ब तथा निःशुल्क उपचार गर्न जोडदार माग गर्दछ ।"

एमसीसी खारेजीको माग गर्दै सडकमा तीव विरोध भइरहेको स्थितिमा संसदमा राष्ट्रघाती एमसीसी सम्झौता टेबल भएपछि पार्टीको धारणा समेत सार्वजनिक गर्दै वक्तव्यमा भनिएको छ, "हाम्रो पार्टीले अमेरिकी हिन्द-प्रशान्त रणनीतिको अभिन्न अंग रहेको राष्ट्रघाती एमसीसी सम्झौतालाई खारेज गर्नु पर्छ भन्ने माग राखी सुरुदेखिनै एकल तथा संयुक्त रूपमा विरोध गर्दै आएको तथ्य सर्वविदितै छ । नेपाली जनमत यो राष्ट्रघाती सम्झौताको विपक्षमा छ । नेपाली काङ्ग्रेस, त्यसका सभापति र गठबन्धन सरकारका प्रधानमन्त्री सेरबहादुर देउवा पहिलेदेखि नै यो संझौतालाई जुनसुकै हालतमा संसदबाट अनुमोदन गराउन हरसंभव उपाय गर्दै आएका छन् । पछिसम्म उक्त संझौता परिमार्जन बिना संसदमा टेबुल गर्न नसकिने अडान राख्दै आएका गठबन्धनमा सामेल नेकपा (एस), नेकपा (माके) र जसपा सहितका पार्टीहरू उक्त संझौतालाई बिना संशोधन टेबुल गर्न दिने निर्णयमा पुगे पछि एमसीसी परियोजना अनुमोदनका लागि संसदमा टेबुल भएको छ । यसरी गठबन्धनमा सामेल नेताहरूले राष्ट्रिय स्वाधीनतालाई सरकारको कुर्चीसँग सौदावाजी गरेका छन् र अमेरिकी साम्राज्यवादलाई खुसी पार्न देउवाको राष्ट्रघाती कदमका मतियार बन्न पुगेका छन् ।"

एमसीसी सदनमा पेश भइसकेको अवस्थामा एमसीसीको विपक्षमा मतदान गर्न देशभक्त सांसदहरूमा विशेष आग्रह गर्दै वक्तव्यमा भनिएको छ, "आठ पार्टीको आह्वानमा गरिएको संसद भवन तथा देशैभरिका प्रजिअ कार्यालय घेराउ र अन्य विभिन्न सगठनहरूको विरोधका बीच नेपाल सरकारका सुचना तथा सञ्चार मन्त्री ज्ञानेन्द्र कार्कीले अनुमोदनका लागि एमसीसी संझौता संसदमा टेबुल गरेपछि सभामुखले आगामी फागुन १२ गते पुनः संसदको बैठक बस्ने गरी आजको बैठक स्थगन गरेका छन् । यसरी संसदबाट राष्ट्रघाती संझौता अनुमोदन गराउने खतरा बढेको स्थितिमा हाम्रो पार्टी संझौतालाई अनुमोदन हुनबाट रोक्नका लागि सडकमा उत्रेर अन्तिम प्रयास गर्न सम्पूर्ण देशभक्त, प्रगतिशील, वामपन्थी तथा क्रान्तिकारी शक्तिलाई हार्दिक अपील गर्दछ र राष्ट्रिय स्वाधीनताको रक्षाका लागि प्रस्तावको विपक्षमा उभिन देशभक्त सांसदहरूलाई विशेष आग्रह गर्दछ ।

यसैबीच, एमसीसी सम्झौता खारेजीको माग गर्दै ६ पार्टी र २ मोर्चाको आव्हानमा आइतबार उपत्यकाबाहिरका सबै सिडिओ कार्यालय घेराउ गर्दै तीव्र रूपमा विरोध प्रदर्शन गरिएको छ । सातवटै प्रदेशका जिल्ला सदरमुकाममा घेराउसहित विरोध प्रदर्शन गरिएको हाम्रा सहकर्मीहरूले बताउनु भएको छ ।

एमसीसीका विरुद्ध संघर्षरत क्रान्तिकारी माओवादीसहित ६ पार्टी र २ मोर्चा लगायत अन्य संघर्षरत पार्टी तथा समूहसहित अब संसदमा टेबल भइसकेको एमसीसी सम्झौता पारित हुन नदिने गरी संघर्षलाई थप सशक्त बनाउन लागिपर्ने सम्बद्ध नेताहरूले बताएका छन् ।

## आलोपालो

# कम्युनिस्ट क्रान्तिकारीहरुका लागि आत्मप्रशिक्षणका ७ निर्देशनहरु

● चाउ एन लाइ ●

१. कडा अध्ययन गर, मुख्य-मुख्य कुराहरू बुझ, धेरै विषयमा ध्यान दिनुभन्दा सुहाउँदो विषय छान र त्यसमा विशेषज्ञ बन ।
२. कडा मेहनत गर, राम्रो योजना बनाऊ, मुख्य कुराहरूमा ध्यान केन्द्रित पार र व्यवस्थित होऊ ।
३. अध्ययनलाई कामसित गाँस, समय, ठाउँ र स्थिति अनुसार ती दुईटालाई उचित सन्तुलनमा राख, आफूले गरेको कामको सिंहावलोकन गर र त्यसलाई व्यवस्थित पार, नयाँ नयाँ कुरा पत्ता लगाऊ र सिर्जना गर ।
४. आफ्नै र अरुहरूको गलत विचारको विरुद्ध संघर्ष गर्नमा सिद्धान्तनिष्ठ बन ।
५. काममा आफ्ना असल कुराहरूलाई उचित ढंगले प्रयोग गर र आफ्ना त्रुटीहरूलाई सच्याऊ ।
६. जनताबाट कहिल्यै अलग नहोऊ, उनीहरूबाट सिक र उनीहरूलाई मद्दत गर । सामूहिक जीवन विताऊ, अनुसन्धान र अध्ययनमा ध्यान देऊ र अनुशासनको पालना गर ।
७. तन्दुरुस्त बन, उचित रूपले नियमित जीवन विताऊ । यो आत्म-प्रशिक्षणका लागि भौतिक आधार हो ।

प्रधानमन्त्री चाउ एन-लाइको मृत्युको चौथो वार्षिकीमा‘जनदैनिक’ले मार्च १८, १९४३ मा उहाँद्वारा लिखित‘आत्म-प्रशिक्षणका लागि निर्देशनहरू’ छापेको थियो ।

उक्त अखबारमा संलग्न सम्पादकीय टिप्पणीमा भनिएको छ :‘यसो हेर्दा ती निर्देशनहरू त्यति असाधारण लाग्दैनन्, तर इमान्दारिकासाथ त्यसको पालना गर्न सजिलो छैन । आफ्नो जीवन-कालमा प्रधानमन्त्री चाउले उक्त निर्देशनको पालना गर्नुभएको थियो । व्यवहारमा उहाँले तीन निर्देशनहरूभन्दा बढी गर्नु भई चिनियाँ कम्युनिष्टहरू र सारा जनताका लागि एउटा दृष्टान्त प्रस्तुत गर्नुभयो । उक्त निर्देशनहरूलाई कसीको रूपमा यदि हामीले प्रयोग गर्ने हो भने तिनले हामीले सोच्न लगाउने छन् र अघि बढ्न र प्रगति गर्नका लागि हामीलाई हौसला दिनेछन् । प्रधानमन्त्री चाउले सातवटा निर्देशनहरूमा एउटाको राम्ररी पालना गर्नु भएन । धेरै बर्षसम्म उहाँले दिनरात असाध्यै मिहनत गर्नुभयो र आफ्ना आखीरी केही वर्षहरूमा त झन् कठीन मेहनत गर्नुभयो । र, उहाँले‘उचितरूपले नियमित जीवन विताउन’ सक्नु भएन । यसले गर्दा उहाँको स्वास्थ्य गम्भीररूपले बिग्रियो । उहाँले आफ्नो सारा चिज पार्टी, जनता र राष्ट्रको निम्ति अर्पण गर्नुभयो । हामीले उहाँको दृष्टान्तबाट सिक्नुपर्छ ।’

*(पेकिङ रिभ्यू, जनवरी २१, १९८०, अंक ३ बाट)*

*अनुवाद : कृष्णदास श्रेष्ठ*

दूध तथा दुग्धजन्य पदार्थ सेवन गरौं, स्वस्थ रहौं ।

राष्ट्रिय दुग्ध विकास बोर्ड
हरिहर भवन, ललितपुर, फोन नं.: ०१५५२५४००
National Dairy Development Board 2048

स्वास्थ्य मापदण्डको पालना गरी विद्यालय, क्याम्पसलगायतका शैक्षिक संस्था सञ्चालनमा सहयोग पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न नसकिने प्लास्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्रविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
मेट्रो काठमाडौं ग्या...स इण्डस्ट्रिज लिमिटेड
जुंगेखोला धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं,
फोन नं. ४२८६८१६, सनाईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेल: metro@stcnepal.com



साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

www.nepalwelhope.com.np
तपाईको सन्तुस्टि हाम्रो शान हाम्रो पहिचान
बिजय पेलेट दाना



नेपाल वेलहोप एग्री-टेक प्रा.लि.
भरतपुर-५ चितवन कल्याणपुर फोन नं. ०५६-५९११५३, ५९१७६६, E-mail : info@nepalwelhope.com.np

| मुख्य कार्यालय | शाखा उद्योग-१ | शाखा उद्योग-२ |
|---|---|---|
| गैरीधारा, काठमाडौं | टंकीसिनवरी-२, विराटनगर, मोरङ | कोहलपूर-१४, पार्वतीपूर, बाँके |
| फोन: ०१-४४२२९४०/४४२२६०५ | फोन: ०२१-४२०७००/४२०६९४ | फोन: ०८१-४०३०८४ |

नेपालमा पहिलोपटक चिनीयाँ तथा नेदरल्याण्डको उच्च प्रविधिबाट तयार पारिएका कुखुरा, बंगुर तथा गाई भैंसीको दानाको लागि

**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।